@RajdhaniRastriyaDainik | RAJDHANI NATIONAL DAILY | rajdhanidaily.com | @Rajdhani_daily

लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

# राजधानी

वर्ष २४, अंक २६८ बुधबार २८ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Wednesday 12 March 2025 | पृष्ठ : ८+४ | मूल्य रु. ५०/-

Prabhu Bank
BANK OF THE YEAR 2023




५० लाखको
राजधानी ग्राहक योजना
राजधानी पढौं, भाग्य चम्काऔं !
राजधानी पढौं, भाग्य चम्काऔं !
कसरी सहभागी हुने?
१. नजिकको पत्रिका विक्रेता संग राजधानी राष्ट्रिय दैनिक पत्रिका किन्नुहोस् र लक्की ड्र भौचर प्राप्त गर्नुहोस्।
२. भौचरमा आफ्नो नाम, ठेगाना, फोन नम्बर भर्नुहोस् र भौचरको अर्धकट्टीलाई पत्रिका विक्रेता लाई दिनुहोस् अथवा कलेक्शन बक्समा हाल्नुहोस्।
३. घरमै बसी समाचार पढी उपहार जित्नुहोस्।
नियम र सर्तहरू:
Rajdhani Bhawan, Saraswatinagar, Chabahil, Kathmandu, Mobile: +977-9851123580
Phone: +977-1- 4813029/30/ Ext: 108/112, E-mail: mail@rajdhani.com.np
www.rajdhanidaily.com


रिस पालेर बस्नु भनेको विष पिएर अरू मर्ने आस गर्नुसरह हो ।
• भगावन् गौतम बुद्ध

लोकप्रिय राष्ट्रिय दैनिक
# राजधानी
www.rajdhanidaily.com

वर्ष २४, अंक २६८ बुधबार २८ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Wednesday 12 March 2025 | पृष्ठ : ८+४ | मूल्य रु. ५०/-

• ग्राहक बन्नुपरेमा
• नवीकरण गर्नुपरेमा
• ठेगाना परिवर्तन भएमा
• पत्रिका नियमित नआएमा
०१-४८११०८० विहान १० बजेदेखि साँझ ५ बजेसम्म, Ext. 108, 112
राजधानी न्युज पब्लिकेशन प्रा.लि.
rajdhani_circulation@yahoo.com

## हेडलाइन

'जलवायु परिवर्तनका मुद्दा विशेष कभरेज गर्नुपर्छ'

पृष्ठ ४

इतिहास स्रोत खोज्ने र स्रोत बनाउने कसरी ?

पृष्ठ ६

गणतन्त्र सुदृढ बनाउँदै अघि बढ्छौं : ओली

पृष्ठ ७

मिडिया एलायन्सको ध्यानाकर्षण

पृष्ठ ८

महिला नेतृत्व सम्मेलन तयारी

पृष्ठ १०

रिलिजअघि नै 'सिकन्दर'ले कमायो १६५ करोड

पृष्ठ १२



# दक्षिण पूर्वी एसियामा नेपाली बन्धक बनाउने क्रम तीव्र

## • बैंककस्थित नेपाली राजदूतावासलाई उद्धार गर्नै हम्मेहम्मे

**राजधानी समाचारदाता**
काठमाडौं, २७ फागुन

नेपालमा र विदेशी मुलुकमा कार्यरत नेपालीलाई राम्रो पारिश्रमिकको लोभमा सूचना प्रविधिसम्बन्धी काममा लगाउने भनी थाइल्यान्ड, म्यान्मा, लाओस, भियतनामलगायतका दक्षिण पूर्वी एसियामा लगेर बन्धक बनाउन थालेपछि बैंककस्थित नेपाली राजदूतावासलाई उद्धार गर्न हम्मेहम्मे पर्न थालेको छ ।

खासगरी द्वन्द्वग्रस्त म्यान्मा (बर्मा)मा बन्धकमा राखेको चाल पाएको नेपाली दूतावासलाई अन्य दक्षिणपूर्वी एसियामा पनि मानव तस्करी हुन थालेपछि समस्या पर्न थालेको हो ।

म्यान्माबाट सातैपिच्छेजस्तो उद्धार गर्दै नेपाल फर्काइँदै गरेकामा शुक्रबार भने थाइल्यान्डमै अलपत्र परेका २० नेपालीको उद्धार गरिएको नेपाली राजदूतावास बैंककले जनाएको छ ।

आकर्षक रोजगारीको प्रलोभनमा पारी दक्षिण पूर्वी एसियासँगै रहेको पलाउ भन्ने मुलुकमा रोजगारीका लागि पठाउन गत ११ माघमा अर्थात् २४ जनवरीमा भारतको नयाँ दिल्ली हुँदै थाइल्यान्ड ल्याई अलपत्र पारिएका २० जना नेपाली नागरिकलाई दूतावासले उद्धार गरी शुक्रबार फर्काएको हो ।

नेपाल सरकारले तोकेको मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी कानुनविपरीत छिटो धेरै पैसा कमाउने हेतुले कम्बोडिया, लाओस, म्यान्मा र थाइल्यान्डलगायत कुनै पनि मुलुकमा वैदेशिक रोजगारीका लागि नआउन दूतावासले पटकपटक ट्राभल एड्भाइजरी जारी गर्दै आएको छ । पलाउ पुऱ्याउन लगेकाहरूलाई पनि अनलाइन स्क्याममै लगाउन लागिएको बताइएको छ । यसअघि भने लाओस र म्यान्मामा मात्र नेपालीलाई अनलाइनमा ठगी गर्न र जुवा खेलाउन बन्धकमा राखेको पाइएको थियो ।

थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वलीले सन् २०२४ भित्र सय जनाभन्दा बढी त्यस्ता व्यक्तिलाई थाइल्यान्ड हुँदै स्वदेश फर्काइएको जानकारी दिए । फागुनमा मात्र म्यान्माका स्क्याम सेन्टरबाट उद्धार गरिएका आठ नेपालीलाई बैंककस्थित नेपाली दूतावासले नेपाल पठाइसकेको छ ।

बैंककस्थित नेपाली दूतावासका अनुसार म्यान्मा, थाइल्यान्ड, कम्बोडिया, लाओस र भियतनामसहित विभिन्न देशमा 'स्क्याम सेन्टर'हरूमा फसेको भनेर उद्धारका लागि अनुरोध गर्ने नेपालीको संख्या धेरै छ । 'स्क्याम सेन्टर'हरूमा ठ्याक्कै कति नेपाली फसेका छन् भन्ने यकिन विवरण अहिलेसम्म पहिल्याउन सकिएको छैन । यद्यपि, म्यान्माको म्याओडी आसपासमा रहेका स्क्याम सेन्टरमा २ हजारभन्दा बढी नेपाली रहेको अनुमान छ ।

दूतावासका अनुसार त्यस क्षेत्रमा सक्रिय दुईवटा सशस्त्र समूहसँग समन्वय गरेर स्क्याम सेन्टरमा पुऱ्याइएका मानिसको उद्धार भइरहेको छ । स्क्याम सेन्टर म्यान्माको राजधानी नेपिद र याँगौंबाट टाढा अनि बैंककबाट नजिक भएकाले थाइल्यान्डस्थित दूतावासले उद्धारमा सहजीकरण गरिरहेको हो । पछिल्लो समय स्क्याम सेन्टर सञ्चालन भएका क्षेत्रमा विद्युत् र इन्टरनेटको आपूर्ति कटौती गर्ने र सीमामा कडाइ गर्ने कार्य थाई सरकार र म्यान्मा सरकारले गरेपछि स्क्याम सेन्टरहरू बन्द भएको र नेपाली भागेर थाइल्यान्ड हुँदै आइरहेको बताइएको छ ।

आकर्षक अनलाइन जागिरको लोभमा अंग्रेजी र चिनियाँ भाषा जान्नेलाई थाइल्यान्डको बाटो हुँदै म्यान्मामा पुऱ्याएर साइबर ठगीका लागि उपयोग गर्ने गरेको बताइएको छ ।

बाँकी पृष्ठ ५ मा ▸▸

## सरकारको खातामा साढे ३ खर्ब मौज्दात

» ५ महिनामा ११ को हाराहारी बजेट खर्च गर्नुपर्ने चुनौती



**पूर्णभक्त दुवाल/राजधानी**
काठमाडौं, २७ फागुन

माघ मसान्तसम्ममा सरकारका विभिन्न खातामा ३ खर्ब ५० अर्ब ७ करोड १५ लाख रुपैयाँ रहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत गरेर सो नगद मौज्दात रहेको हो । २०८१ असार मसान्तमा यस्तो मौज्दात ८३ अर्ब ९९ करोड रुपैयाँ रहेको थियो ।

नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को सात महिनामा नेपाल सरकारको कुल खर्च ७ खर्ब ५४ अर्ब ८५ करोड रुपैयाँ रहेको छ । चालू खर्च ५ खर्ब २२ अर्ब ६३ करोड रुपैयाँ, पुँजीगत खर्च ६८ अर्ब ४२ करोड रुपैयाँ र वित्तीय व्यवस्था खर्च १ सय ६३ अर्ब ८१ करोड रुपैयाँ रहेको छ ।

माघ मसान्तसम्म विनियोजित बजेटमध्ये जम्मा ७ खर्ब ५४ अर्ब ८५ रुपैयाँ मात्र खर्च गरेको सरकारमाथि बाँकी ५ महिनामा ११ को हाराहारी बजेट खर्च गर्नपर्ने चुनौती रहेको छ । सरकारले बजेटमार्फत १८ खर्ब ६० अर्ब रुपैयाँ खर्च गर्ने लक्ष्य लिएको थियो । यो आर्थिक वर्ष सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँबराबर बजेट कार्यान्वयन गरिरहेको छ । तर, आर्थिक वर्ष अन्त्यसम्म १६ खर्ब ९२ अर्ब ९३ करोड ३५ लाख रुपैयाँ मात्र खर्च हुने अर्थमन्त्री विष्णु पौडेलको भनाइ छ । अर्थमन्त्रीको भनाइलाई मात्र आधार मान्ने हो भने पनि फागुनदेखि असारसम्ममा ९ खर्ब रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ । तर, फागुनको अन्तिम समयसम्म आइपुग्दा पनि सरकारको कुल विनियोजित बजेटमध्ये जम्मा ७ खर्ब २८ अर्ब ३९ करोड रुपैयाँ मात्र खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । हालसम्ममा जम्मा ४४ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार माघ महिनासम्ममा प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत गरेर नेपाल सरकारको कुल राजस्व परिचालन ६ खर्ब ४२ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ । यसअन्तर्गत कर राजस्व ५ खर्ब ६५ अर्ब ६४ करोड रुपैयाँ र गैरकर राजस्व ७७ अर्ब २१ करोड रुपैयाँ परिचालन भएको छ ।

प्रदेश सरकारहरूको कुल खर्च पनि ५१ अर्ब ९० करोड रुपैयाँ मात्र रहेको छ । स्रोत परिचालन १ खर्ब १ अर्ब ८९ करोड रुपैयाँ रहेको छ । प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी ८० अर्ब ९४ करोड रुपैयाँ र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व २० अर्ब ९५ करोड रुपैयाँ रहेको छ ।

७ महिनमा चालू खर्च ५ खर्ब २२ अर्ब ६३ करोड रुपैयाँ, पुँजीगत खर्च ६८ अर्ब ४२ करोड रुपैयाँ र वित्तीय व्यवस्था खर्च १ खर्ब ६३ अर्ब ८१ करोड रुपैयाँ रहेको छ ।

बाँकी पृष्ठ ५ मा ▸▸

» सडकदेखि सदनसम्म राजसंस्थाबारे चर्को बहस

## 'लोकतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन'

**सुभाष साह/राजधानी**
काठमाडौं, २७ फागुन

पछिल्लो समय सडकदेखि संसद्सम्म राजसंस्था पुनःस्थापना र पूर्वराजा ज्ञानेन्द्र शाहलाई फर्काउनेबारेमा बहस चर्किंदै गएको छ । राजासंस्था पक्षधरले सडक आन्दोलनसँगै संसद्मा समेत संवैधानिक राजतन्त्रको वकालत गर्न थालेपछि गणतन्त्रवादी नेताहरूले लोकतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने जनाएका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा यस बारेमा चर्काचर्की बहस भएको छ । संविधान र गणतन्त्र जोगाउँन गणतन्त्रवादी राजनीतिक दलले सडक आन्दोलन गर्ने घोषणा गरिसकेका छन् । यस्तै राजतन्त्र पक्षधरले राजा फर्काउन सडक आन्दोलनसँगै संसद्मा समेत आवाज



उठाउन थालेका छन् ।

विपक्षी दलका नेताहरूले गणतन्त्रको विरोध हुनुमा वर्तमान सरकार जिम्मेवार रहेको आरोप लगाएका छन् । सरकारको कमजोर कार्यशैलीका कारण अहिले राजतन्त्र पक्षधरले आवाज उठाउन थालेको निष्कर्ष विपक्षी दलको रहेको छ । उनीहरूले संसद्मै सरकारलाई आरोप लगाउन थालेका छन् । बैठकमा सांसदहरूले वर्तमान सरकारको कार्यशैली, शासन व्यवस्थामा देखापरेका चुनौती र संविधानको रक्षा तथा पुनरावलोकनसम्बन्धी विषयमा आफ्ना धारणा राखेका थिए । सो क्रममा उनीहरूले व्यवस्थाविरोधी शक्ति सल्बलाउनुमा सरकारको अक्षमता जिम्मेवार रहेको आरोप लगाए । साथै उनीहरूले लोकतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने दाबी गरेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजावादीको चहलपहल पछाडि देश भित्र र बाहिरको चलखेल मिसिएको बताए ।

बाँकी पृष्ठ ५ मा ▸▸

## मेयर महर्जनविरुद्ध अदालतको अवहेलना मुद्दा



**राजधानी समाचारदाता**
काठमाडौं, २७ फागुन

तारकेश्वर नगरपालिकाको मेयर कृष्णहरि महर्जनविरुद्धको अदालतको अवहेलना मुद्दामा सर्वोच्चले लिखित जवाफ माग्ने आदेश गरेको छ । सर्वोच्चका न्यायाधीश डा. कुमार चुडाल र न्यायाधीश बालकृष्ण ढकालको संयुक्त इजलासले विपक्षी बनाइएका मेयर महर्जनलाई अदालतको अवहेलनामा कारबाही किन नगर्ने भन्दै लिखित जवाफ माग गरेको छ ।

बाँकी पृष्ठ ७ मा ▸▸

व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं
लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:
बलियो पासवर्ड राखौ र पासवर्डलाई नियमित रूपमा परिवर्तन गर्नुहोस् ।
अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोल्नुहोस् ।
आफ्ना व्यक्तिगत विवरणहरु (ओटीपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई सेयर नगर्नुस्, सुरक्षित राख्नुहोस् ।
अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिनुस् ।
ह्वाट्स एप, इमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाउनुस् । त्यस्ता कल पटक पटक आए ब्लक गर्नुहोस् ।

# दुर्घटनामा दुई चालकको मृत्यु



**राजविराज/रास–** सप्तरीको छुट्टाछुट्टै दुई स्थानमा भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एक विंगर चालक तथा अर्का मोटरसाइकल चालक हुन् । सोमबार राति १२ बजेतिर हुलाकी सडक खण्डअन्तर्गत राजविराज नगरपालिका-१ पडरिया सडक खण्डमा को१ज २८६४ नम्बरको विंगर अनियन्त्रित भई पल्टिँदा चालक रूपनी गाउँपालिका-१ घर भएका ३५ वर्षीय रघु यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार महुलीबाट तीव्रगतिमा राजविराजतर्फ आउँदै गरेको विंगर अनियन्त्रित भएर डेढ सय मिटर तल खेतमा खसेको थियो । दुर्घटनामा घाइते चालक यादवलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएपछि चिकित्सकले मृत घोषणा गरेका थिए । गाडीमा यात्रु नरहेको र सहचालक शम्भुनाथ नगरपालिका-१ का २५ वर्षीय सुन्दर साह सकुशल रहेको प्रहरीको भनाइ छ । यस्तै, सोमबार राति नै राजविराज नगरपालिका-११ भ॰लही नहर सडकखण्डमा भएको मोटरसाइकल दुर्घटनामा राजविराज-१२ घर भएका २२ वर्षीय घनश्याम यादवको मृत्यु भएको छ । मधेश प्रदेश ०६-००१प२६२८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा पर्दा यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# ‘जलवायु परिवर्तनका मुद्दालाई विशेष कभरेज गर्नुपर्छ’

**राजधानी समाचारदाता**
काठमाडौं, २७ फागुन

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले जलवायु परिवर्तनका मुद्दालाई मिडियाले विशेष कभरेज गर्नुपर्ने सुझाव दिएका छन् । पर्वतीय खेलकुद संघ न्युयोर्क (अल्पाइन स्पोर्ट्स् एसोसिएसन) र साथसाथै फाउन्डेसनको संयुक्त आयोजनामा ‘हिमाल जोगाऔं, पृथ्वी बचाऔं’ विषयक शीर्षकमा अमेरिकाको न्युयोर्कमा सम्पन्न कार्यक्रममा बस्नेतले यस्तो धारणा राखेका हुन् ।



न्युयोर्कको ज्याक्सन हाइट सिटीमा भएको कार्यक्रममा सञ्चारकर्मी, पर्वतारोहीसहितको सहभागिता थियो । ‘जलवायु परिवर्तनको असर हाम्रा हिमालहरूमा प्रस्ट देखिन थालेका छन् । सेता, चम्किला हिमालहरू दिनप्रतिदिन कालापहाड हुँदै छन्,’ अध्यक्ष बस्नेतले भने, ‘यसबारे विश्वको ध्यान खिच्न मिडियाले कभरेज बढाउनैपर्छ ।’

कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष बस्नेत, वरिष्ठ पत्रकार बविता बस्नेत, नेपाल पत्रकार महासंघकी उपाध्यक्ष नीतु पण्डित, नेपाल टेलिभिजनकी पत्रकार अनिता विन्दु, रेडियो कान्तिपुरकी सञ्चारकर्मी कमला पन्थी, मदन पुरस्कार विजेता साहित्यकार तथा लेखक नीलम कार्की निहारिका, साथसाथै संस्थाकी प्रमुख प्रजिता कार्कीलगायत नेपालबाट गएका विशिष्ट व्यक्तित्वहरूलाई पर्वतीय खेलकुद संघ न्युयोर्कका सल्लाहकार तथा शेर्पा किदुगका अध्यक्ष तेम्बा शेर्पाले स्वागत गरेका थिए ।

कार्यक्रम सञ्चालन गर्दै संघका महासचिव सन्जोग आचार्यले मिडियाले उठाउनुपर्ने नयाँ विषयमा अन्तरक्रिया गर्न पाउँदा खुसी व्यक्त गरेका थिए । सो अवसरमा अतिथि वक्ताहरूले पृथ्वीको वातावरणीय सन्तुलन कायम राख्न तथा नेपालका हिमालको संरक्षण गर्न आवश्यक पहलका विषयमा आफ्ना विचार व्यक्त गरेका थिए ।

त्यस्तै, संस्थाकी अध्यक्ष प्रजिता कार्कीले नेपालमा दिगो पर्यटन विकास तथा हिमाली क्षेत्रको प्रवर्धनका लागि समुदायस्तरबाट कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा आफ्ना धारणा प्रस्तुत गरेकी थिइन् । उनले नेपालका हिमालहरू विश्व सम्पदाका धरोहर भएकाले तिनको संरक्षण र प्रवर्धनमा सबैले हातेमालो गर्नुपर्नेमा जोड दिइन् ।

## यु.ए.इ.मा रोजगारी

कम्पनी: **EJADAH ASSET MANAGEMENT GROUP LLC** — पून:विज्ञापन

Pre Approval Date: 2024/10/24 Chalani No. 60227078 LOT No. 312639 City: UAE,DUBAI

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS | 78 | 100 | 800 | ३०,३९२/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८१/१२/०६ (19 March 2025) म्यानपावरको कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले ब्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले ब्यहोर्ने | भिषा स्ट्याम्प शुल्क कसले ब्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले ब्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले ब्यहोर्ने | रोजगारदाताले ब्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**देवान कन्सल्ट्यान्ट्स प्रा.लि**
बत्तिसपुतली, गौशाला, काठमाडौं
सम्पर्क ०१-४५८२९०१, ४५८२९०२
Lic. No. 841/066/067
Mob.: 9801247232, 9801247758, Fax: +977-1-4482904, E.: dewan.consultant841@gmail.com

## युएइमा रोजगारी

कम्पनी: **ALTAGAYUR TECHNICAL SERVICES CO. LLC**

Pre Approval Date: 2025/01/23 Chalani No. 60231862 LOT No. 317676 City: UAE

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४५,५८५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1200 | ४५,५८५/- | | | | | | | | |

**अन्तरवार्ता मिति २०८१/१२/०६ (19 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले ब्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले ब्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले ब्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले ब्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले ब्यहोर्ने | रोजगारदाताले ब्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Wisdom Human Resources Pvt. Ltd.**
Govt. Lic. No. 1385/074/075
Samakhusi Chowk, GPO Box No. 2234, Tel. No. 014950735, 4980095, Cell: 9849826490 9851145188, Email: hrwisdomnepal@gmail.com, website: www.wisdomhrnepal.com

## साउदी अरेबीयामा रोजगारी

पुन विज्ञापन

कम्पनी: **SUPER SUPPORT GENERAL CONTRACTING ESTABLISHMENT**

पुर्व स्वीकृति : २०२४/१२/१२ चलानी नं. ६०२२९६०२ लट नं. ३१५०६३ शहर: RIYADH, SAUDI ARABIA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKER/GENERAL WORKER | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२०४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८१/१२/०७ गते (20 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले ब्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले ब्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले ब्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले ब्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले ब्यहोर्ने | रोजगारदाताले ब्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**TESLA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1638/080/081
Sinamangal-09, BB Airways building, Kathmandu, Nepal. Tel: +977-1-5920965, 5920966, 9704540753
E-mail: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np / Web: www.teslaoverseas.com.np

## UAE मा रोजगारीको अवसर

कम्पनी: **ALADARA BUILDING MAINTENANCE LLLC**

Pre Approval Date: 2024/02/29 Chalani No.60215708 LOT No. 300817 City: UAE पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 7 | 8 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५८५/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | CLEANING SUPERVISOR | 0 | 4 | | 1500 | ५६,९८१/- | | | | | | | |
| 3 | HOUSEKEEPING SUPERVISOR | 3 | 0 | | 1500 | ५६,९८१/- | | | | | | | |

**अन्तरवार्ता मिति २०८१/१२/०६ गते (19 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले ब्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले ब्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले ब्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले ब्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले ब्यहोर्ने | रोजगारदाताले ब्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Target HR Solution Pvt. Ltd.**
targethrs
Sinamangal-9, Kathmandu, Nepal, Phone: +977 1 4116605
Email:info@targethrs.com, targethimal@gmail.com, Web: www.targethrs.com
Govt. License 1397/074/075

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री हनुमान प्राविधिक शिक्षालय जावलाखेल, ललितपुरको नाम तथा ठेगाना परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/२८ गते**

यस परिषद् कार्यालयको मिति २०७३/०९/२१ गतेको निर्णयानुसार छोटो अवधिका क्रमश Mushroom Producer-390 hrs, Community Agriculture Assistant-390 hrs, Assistant Plumbing-390 hrs, Shuttering Carpenter-434 hrs, Scaffolder-390 hrs, Assistant Furniture Maker-390 hrs, Junior Building Electrician-390 hrs, Assistant Welder-550 hrs, Caregiver-390 hrs, Commercial Cooking/Baking-792 hrs, Assistant Cook-211 hrs, General Cook-390 hrs, Baker-390 hrs, Fast Food Cook-390 hrs, Housekeeping Cleaner-390 hrs, Waiter/Waitress-390 hrs, Hotel Assistant-390 hrs, Receptionist Cum Cashier-390 hrs, Assistant Beautician-390 hrs/ Mason-320 hrs तालीम कार्यक्रमहरुको सम्बन्धन/स्वीकृत लिएको संस्था श्री हनुमान प्राविधिक शिक्षालय ल.म.न.पा.१०, जावलाखेल, ललितपुरले संस्थाको नाम परिवर्तन गरी श्री राइज एण्ड साइन भोकेसनल ट्रेनिङ्ग सेन्टर प्रा.लि. दर्ता नं. १५६५६६ र ठेगाना परिवर्तन गरी **का.म.न.पा**-०३, काठमाण्डौ कायम गराई पाउँभनी पेश गरेको निवेदन माथि कारवाही हुंदा यस परिषद् कार्यालयको मिति २०८१/०५/२३ गतेको निर्णयानुसार नाम र ठेगाना परिवर्तन प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति छोटो अवधिका तालीम कार्यक्रमहरु प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कसैको उजुरी नंपरेमा कानुनी म्याद समाप्त भएपछि माग भै आए अनुसार संस्थाको नाम र ठेगाना परिवर्तन भै जाने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८**

## INVITATION FOR SEALED BID
### Procurement of Human Resource Management System (HRMS) Softwarwe

Prabhu Bank Limited invites the sealed bids from interested parties for supply, installation and successfully commissioning of HRMS Software.

**Human Resource Management System (HRMS) Software.**

Interested registered and authorized suppliers, their authorized agents/partners, representative or authorized dealer can obtain the bid documents from the Bank's General Administration Department Procurement (GAD-P) Head Office Babarmahal, Kathmandu during Banking hour upon payment of non-refundable amount of NPR. 5,000.00 (Rupees Five Thousand Only) which should be deposited into Account no. 999-01260010200 (Central Settlement AC) for BID document.

Sealed BID documents are to be submitted by **3:00 PM on 26th March, 2025;** at the Bank's GAD-P. BID documents submitted after the deadline will neither be accepted nor entertained. If holiday is declared by Government on last submission date & opening date, the next working day of the Bank shall be the date for BID submission/opening (as the case may be).

The Bank has reserved all rights to accept or reject any or all BID documents partially or fully without assigning any reason whatsoever. Other terms & conditions shall be as detailed in respective BID Documents (Request for Proposal).

PRABHU BANK
**General Administration Department**
Head Office, Babarmahal Kathmandu, Nepal
Tel : 977-01-5719000, 4781608 Ext: 479
E-mail : info@prabhubank.com; gadp@prabhubank.com;
Website : www.prabhubank.com

## Baglung Municipality
### Office of Municipal Executive
Baglung

## Invitation for Bids

**Date of Publication: 2081/11/28 (12/03/2025)**

1. **Baglung Municipality, Baglung** invites Double envelope e-bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and location of work | Bid Validity Period / Bid security period | Bid Security Amount (NRs.) | Bid Fee Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | BAGMUN/BAG/NCB/ Works/081-82-09 | Blue Hill Tourism Infrastructure Construction Works, Baglung Municipality- 09, Tityang. | 90/120 days | 8,00,000/- | 5,000/- |

2. Purchase, Submission and Opening:

| Submission Deadline | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact **Baglung Municipality, Baglung.** |
| 2081/12/29 (2025/04/11) | 12:00 Pm | 2081/12/29 (2025/04/11) | 01:00 Pm | |

**Chief Administrative Officer**

Government of Gandaki Province
Ministry of Energy, Water Resources and Water Supply
## Water Supply, Water Resources and Irrigation Development Division Office, Myagdi

## Invitation for Online Bids

**First date of Publication: 12 March 2025 (2081/11/28)**

1. Water Supply, Water Resources and Irrigation Development Division Office, Myagdi invites the online bids for the eligible national bidders for the procurement of works of following contract under National Competitive Bidding (NCB) bidding procedures.

| S. N. | Contract I.D. | Description and Location of Work | Estimated Amount (Exclusive of VAT and PS) (NRs) | Fee for bid document (NRs) | Bid Security amount in (NRs) |
|---|---|---|---|---|---|
| 1 | WSWRIDDO/Myagdi/ BIP/W/NCB-03/081/82 | Construction of RCC Canal and Canal related Structures of Bukeni Irrigation Project, Mangala-04, Myagdi | 4,236,200.80 | 3,000.00 | 125,000.00 |
| 2 | WSWRIDDO/Myagdi/ TOGIP/W/NCB-04/081/82 | Construction of Headworks RCC Canal and Other Structures of Tallo Okhaldhunga Gadhare Khola Irrigation Project, Mangala-02, Myagdi | 4,23,6967.40 | 3,000.00 | 125,000.00 |
| 3 | WSWRIDDO/Myagdi/ GKIP/W/NCB-05/081/82 | Construction of RCC Canal and Canal related Structures of Gaurakhola Irrigation Project, Malika-05, Myagdi | 2,535,003.18 | 3,000.00 | 75,000.00 |
| Last Date & time of Bid Submission : 2081/12/29 B.S (11 April, 2025) (12:00 Noon) | | | | | |

2. Eligible Bidders may obtain further information at the office of Water Supply, Water Resources and Irrigation Development Division, Myagdi. Telephone 069-521225, email idsdmyagdi@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np/egp.

**Division Chief**

Province Government
Koshi Pradesh
Ministry of Health
## Province Health Logistic Management Center

## Invitation for Bids

First Date of publication: **11 March 2025 (27 Falgun 2081)**

1. The Ministry of Health, Province Health Logistic Management Center, Biratnagar invites electronic bids from eligible bidders for the Procurement of **Mortuary Freezer 2 Chamber.** National competitive bidding – **Single Stage Single Envelope (1S1E)** procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Koshi Province, Biratnagar, E-mail: rmsbiratnagargmail.com, or may visit PPMO eGP system www.bolpatra.gov.np/egp or www.phlmc.p1.gov.np
3. Bidding documents is available online and can be downloaded from eGP system www.bolpatra.gov.np/egp. Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding documents in the following Rajaswa (revenue) account as specified below:
   Name of the Bank: **Rastriya Banijya Bank, Biratnagar**
   Name of Office: **Province Health Logistics Management Center, Biratnagar**
   Office Code no.: **3700113011**
   Office Account no.: **1000100201010001**
   Rajaswa (revenue) Shirshak no.: **14229**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 noon on 11 April 2025(29 Chaitra2081)**. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 11 April 2025(29 Chaitra2081)**.at the office of Province Health Logistic Management Center, Biratnagar.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Dharauti Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/ G/NCB-8 (Mortuary Freezer 2 Chamber)/2081-82 | Procurement of Mortuary Freezer 2 Chamber. | 3000.00 | **2120100202030000** | 54,000.00 | 90 days | 10 August 2025 |

पृष्ठ १ बाट क्रमश:

## सडकदेखि...

राजावादीको चहलपहलको अन्तर्य आफूले राम्रोसँग बुझेको बताउँदै प्रचण्डले भने, 'राजावादीहरूको यो चहलपहलपछाडि संगठित प्रयास छ भन्ने हामीलाई थाहा छ। यसमा देशभित्र र बाहिरका चलखेल पनि मिसिएका छन् ।' प्रचण्डले राजावादीले राजतन्त्रको बारेमा सडकमै आवाज उठाउनुको कारण वर्तमान सरकारकै कमजोरी रहेको बताए । यस्ता चलखेलहरू यही ८ महिनामा अचानक वृद्धि किन भयो भन्ने भन्ने प्रश्न गर्दै उनले भने, 'बन्द कोठामा समेत राजतन्त्रका सपना देख्न डराएकाहरू सडकमै ओर्लिएका छन् र सडकबाटै राजतन्त्र पुनःस्थापनाको चुनौती दिन थालेका छन् ।'

प्रचण्डले पूर्वराजा ज्ञानेन्द्र शाहलाई उदारतालाई कमजोरी नठान्न चेतावनसमेत दिए । उनले गणतन्त्र घोषणा गर्दा शाहलाई निर्वासनसहित नतोकी तत्कालका लागि सुरक्षित ठाउँ दिइएको बताए । 'उदारतालाई कमजोरी ठाने इतिहास निर्मम हुनेछ,' उनले भने। प्रचण्डले अहिलेचाहिँ चलखेल कसरी बढ्यो भन्ने मुख्य प्रश्न रहेको बताए । 'यस खालका चलखेल आज मात्रै भएका होइनन् । हिजो पनि थिए । अहिलेचाहिँ यो अचनाक किन वृद्धि भयो ?' उनले प्रश्न गरे। उनले लोकतन्त्र र राजतन्त्रको तुलना नै हुन नसक्ने बताए । 'सार्वभौम भइसकेको जनता रैती हुन्छन् भन्ने सोचियो भने त्योभन्दा ठूलो भ्रम केही होइन,' उनले भने ।

यस्तै, प्रचण्डले प्रधानमन्त्री केपी शर्मा ओलीले एकअर्कालाई चोख्याएर नक्कली भुटानी शरणार्थी गंगामा धोएको आरोप लगाएका छन्। 'एकअर्कालाई चोख्याएर नक्कली भुटानी शरणार्थी धुनुभयो गंगामा, तर फोहोर भयो लोकतन्त्र । बालमन्दिर धुनुभयो, फोहोर थुप्रियो, त्रिविका काण्ड धुनुभयो तर मैलो लोकतन्त्रमा देखियो । हामी सबैले आत्मसमीक्षा गरेर जवाफदेही भएनौ भने आउने दिन झन् जटिल हुन्छ भनेको थिए', उनले भने ।

प्रचण्डले सत्तारूढ पार्टीका कार्यकर्ताले बर्दीधारीलाई कुट्ने गर्दा लोकतन्त्रप्रति भरोसा राख्छ कि वितृष्णा भन्दै हेक्का राख्न आग्रह गरे । उनले सरकारले यो गर्दै छ भन्ने सुने पनि सरकारको दुईतिहाइको घोडा सरकार र मन्त्रीले नचलाएको भन्दै त्यो घोडा बिचौलियाले चलाएको आरोपसमेत लगाए ।

बैठकमा नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगन थापाले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई बलियो बनाउन दलबीच सहकार्य आवश्यक रहेको बताए। कांग्रेस संविधानप्रति पूर्ण प्रतिबद्ध रहेको र कुनै पनि प्रतिगमन वा षड्यन्त्रका विरुद्ध सबै दलसँग सहकार्य गर्न तयार उनले बताए।

अहिले नागरिक तहमा देखिएको असन्तुष्टिको कारणलाई गम्भीरतासाथ लिनुपर्नेमा उनले बताए। ठूलो संख्यामा युवा सडकमा उत्रिनु व्यवस्थाविरोधी चेतावनी भएकाले यसलाई नजरअन्दाज गर्न नहुने बताए। 'नागरिक तहमा असन्तुष्टि छ, आक्रोश छ । त्यसलाई हामीले सम्बोधन गर्नुपर्छ, बेवास्ता गर्नुहुँदैन,' उनले भने।

लोकतान्त्रिक व्यवस्थामा आलोचना स्वीकार्य भए पनि दलप्रति घृणा फैलाउने काम गर्न नहुने बताउँदै उनले भने, 'हामीले आलोचना गर्नुपर्छ, प्रश्न उठाउनुपर्छ तर लोकतन्त्रलाई कमजोर पार्ने गरी द्वेष फैलाउनु हुँदैन ।'

थापाले लोकतन्त्रमा नागरिक सर्वोपरि हुने भएकाले सबै दललाई संविधान र लोकतान्त्रिक मूल्यको रक्षाका लागि साझा पहल गर्नुपर्ने बताए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सचिव एवं सांसद गोकर्ण विष्टले लोकतन्त्रबिना जनताको स्वतन्त्रता सुदृढ हुन नसक्ने बताए । उनले राजा फर्काउने प्रयत्नको कुनै औचित्य नरहेको बताए । 'समाप्त भएको राजतन्त्रलाई फर्काउने कोसिस भइरहेको छ। लोकतन्त्र चाहने शक्तिका लागि यो कदापि स्वीकार्य हुन सक्दैन,' विष्टले भने। अराजकता र अस्थिरता निम्त्याउने गतिविधि भइरहेको उल्लेख गर्दै उनले राजतन्त्र मूलधारको राजनीति हुन नसक्ने टिप्पणी गरे ।

जनताको लामो आन्दोलनपछि लोकतान्त्रिक अभ्यास प्राप्त गरेको भन्दै सांसद विष्टले संवैधानिक मर्यादाभित्र रहेर सही ढंगले प्रयोग गर्न सकिएन भने देश अघि बढ्न नसक्ने बताए। लोकतन्त्र प्राप्तिका लागि सहकार्य तथा योगदान गर्ने शक्तिले शहीदको बलिदानीबाट प्राप्त उपलब्धिलाई जोगाउन गम्भीरताका साथ समीक्षा र हातेमालो गर्न आवश्यक रहेको उनले बताए ।

विष्टले युवामा आस जगाउने गरी तीव्र ढंगले विकास हुन नसकेको बताए। तर देशमा केही भएकै छैन भनेर भाष्य पैदा गरेर अराजकता सिर्जना गर्ने र मुलुकलाई प्रतिगमनतिर लैजाने प्रयत्न भइरहेको बताए ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का सांसद लेखनाथ दाहालले सरकार जनताप्रति जिम्मेवार बन्न नसकेको आरोप लगाए । 'सरकारले जनताको मन जित्ने गरी काम गर्न सकेकै छैन । भ्रष्टाचार गर्नेलाई कारवाही गर्न सकेको छैन्। सार्वजनिक संस्थाहरू घाटामा छन् । तर, नाफामा पुऱ्याउने विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई निरुत्साहित गराउने काम किन भइरहन्छ ?' उनले प्रश्न गरे ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै राजावादी शक्ति मौलाउने अवस्था सिर्जना हुनुमा सरकारको कमजोरी रहेको बताए । उनले संघीय लोकतान्त्रिक गणतन्त्र कुनै व्यक्तिविशेषको बक्सिस नभई, नेपाली जनताले रगत साटेर प्राप्त गरेको उपलब्धि भएको स्पष्ट पारे । उनले सुशासनको अभाव, संस्थागत भ्रष्टाचार र प्रशासनिक पक्षपातका कारण जनतामा वर्तमान व्यवस्थाप्रति निराशा बढ्दै गएको उल्लेख गरे ।

जनता समाजवादी पार्टी (जसपा)की सांसद रञ्जुकुमारी झाले नेपाली जनताकै अभिमतबाट वर्तमान संविधान निर्माण भएको उल्लेख गर्दै यसको संरक्षणका लागि सबै लोकतान्त्रिक शक्ति जुट्नुपर्ने बताइन् । उनले विद्यमान प्रणाली आफैंमा दोषी नभएको तर यसलाई सञ्चालन गर्ने व्यक्ति जिम्मेवार नहुँदा प्रश्न उठेको बताइन्।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले पूर्वराजा ज्ञानेन्द्र शाहको निर्देशन र उक्साहटमा संविधानविपरीतका गतिविधि भइरहेको आरोप लगाए । पूर्वराजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष सहभागिताका साथै निर्देशन र उक्साहटमा समाजमा संविधानविपरीतका गतिविधि भइरहेको बताए। बर्तौलाले लोकतन्त्रको विकल्प राजतन्त्र वा निरंकुशतन्त्र हुन नसक्ने भन्दै संग्रहालयमा थन्किएको राजतन्त्रले मुलुकमा शासन चलाउने सपना देख्ने वा देख्न लगाउने काम स्वीकार्य नभएको बताए ।

जनता समाजवादी पार्टी नेपाल (जसपा)का उपाध्यक्ष एवं सांसद राजकिशोर यादवले पूर्वराजा ज्ञानेन्द्र शाह विमानस्थलबाट घर जाँदा किन आत्तिएको भन्दै सत्ताधारी र प्रमुख प्रतिपक्षी दलका नेतामाथि नै प्रश्न गरेका छन्। यादवले राजावादीहरू सलबलाउनुमा ठूला दलका नेताहरूको कार्यशैली र सरकार सञ्चालनको तरिका जिम्मेवार रहेको बताए ।

सत्ता र प्रतिपक्षी दलका नेताहरूले संसद्मा बोल्दा एकअर्काप्रति आरोप/प्रत्यारोप र रोइलो गरेको उनले टिप्पणी गरे। 'प्रमुख प्रतिपक्षी दलका नेताको कुरा पनि सुनियो। सत्ता पक्षका होनाहार नेताहरूका कुरा पनि सुनियो। यो सदनको बहस सुन्दा यो बहस नभएर, जनताको आवाज नभएर नेताहरूको गनगन र रोइलोजस्तो। मलाई लाग्छ, त्यो एक प्रकारको आफैंप्रतिको अविश्वासको प्रतिकात्मक अभिव्यक्ति थियो', यादवले भने, 'कुराका लागि कुरा मात्र गर्ने हो भने एक जना एयरपोर्टबाट आफ्नो घर जाँदा राज्यसत्ता नै तर्सिनुपर्ने, चिन्तित हुनुपर्ने र पूरै सदनको समय खर्चिनुपर्ने अवस्था आयो ।'

यादवले यो स्थिति आउनुमा आफूहरूका व्यवहार जिम्मेवार रहेकामा समीक्षा गर्न उनले प्रमुख दलका नेताहरूलाई सुझाव दिए। 'एकचोटि आफूले रजगज गरेका, आफूले जसरी व्यवस्थाको नाममा राज्य कब्जा गरेर दोहन गरेका ती दिनहरूलाई एकचोटि हामी फेरि रिभिजिट गर्ने हो कि ?', उनले भने, 'मलाई लाग्छ अरुतिर औंला उठाउनुअघि हामी सबैले आफैंतिर एकचोटि आत्मसीमक्षा गर्नुपर्ने भएको छ ।'

राप्रपाकी सांसद रोशन कार्कीले पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्ला दिनको गतिविधिप्रति गणतन्त्रवादीहरू डराएको दाबी गरेकी छन् । कार्कीले गणतन्त्रवादीहरूलाई चेतावनी दिँदै यी दृश्य केवल ट्रायल मात्र भएको र पूरा फिल्म रिलिज हुन बाँकी रहेको चेतावनी दिइन् ।

'एक जना मित्रले भूत देख्नुभएछ। लेलिनको भूत हो कि माओवादीको भूत ? उहासँग प्रश्न गर्न चाहन्छु । अर्को एक जना मित्रले राजाको जयजयकार गरेको र नेताहरू जिल्ला जाँदा मुर्दावाद गरेको देख्नुभएछ । यो त मित्र ट्रायल मात्र हो । अरू जिल्लाका मान्छे थपिए । बाँकी ७३ जिल्लाका मान्छेहरू थपिएभने जुन भीड आउँछ । त्यो देखेर नआँत्तिनुहोला लुक्ने ठाउँ अहिले नै खोज्नुहोला,' उनले भनिन् ।

सांसद कार्कीले गत आइतबार काठमाडौंमा पूर्वराजाको स्वागतमा लागेको भीड वर्तमान सरकारको नालायकीपनका कारण लागेको दाबी गरिन् । उनले भनिन्, 'सबै जनाको नागरिक अधिकार छ। सबैले आफ्नो कुरा राखन पाउँछन्। २५ गतेको भीड नालायक सरकारले जन्माएको भीड हो, बुझिरहनुस् । यो सरकार जतिदिन रहन्छ भीड अझै बढ्छ ।'

राप्रपाका अर्का सांसद ध्रुवबहादुर प्रधानले नागरिकले पूर्वराजाको पक्षमा आवाज उठाइरहेको र अहिलेको स्थितिले सरकारको असक्षमता उजागर गरिरहेको बताए ।

स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले नेपाली जनता लोकतन्त्रको नाममा चलिरहेको नेतातन्त्रको विरोधमा रहेको बताएका छन् । उनले नेपाली जनता लोकतन्त्रप्रेमी रहेको पनि दाबी पेस गरे ।

'आज नेपालमा लोकतन्त्र छैन । नेतातन्त्र छ । नेताहरूको संरक्षणमा सबै बिचौलिया र भ्रष्टाचारीहरू संरक्षित छन् । म प्रश्न गर्न चाहन्छु-त्रिभुवन विश्वविद्यालयमा रेक्टरको कोठामा राजावादीले गएर कोठा तोडफोड गरेको छ कि कांग्रेस र एमालेका कार्यकर्ता गएर तोडेको छ ? अहिले भर्खरै एउटा महामन्त्री (गगन)को उपदेश यो संसद्मा सुनिरहेको थिएँ, उहाँ दक्षिण भारतीय फिल्मको शैलीमा २ सय, ३ सय गाडी लिएर कहिले सिमरा पुग्नुहुन्छ, कहिले सिन्धुली पुग्नुहुन्छ, त्यो लोकतन्त्र हो ? बिचौलिया, दलाल र तस्करले मात्रै २ सय गाडीको व्यवस्था गर्न सक्छ, कुनै नेपाली जनताले गर्न सक्दैन् । त्यसकारण लोकतन्त्रको खतरा यस्ता महामन्त्रीबाट छ । खतरा यस्ता दलपतिबाट छ,' सिंहले भने ।

के जनताले कुलमानलाई दुःख दिन भनेर भनेको छ त ? भनेर पनि उनले प्रश्न गरे । उनले प्रश्न गरे, 'जनताले भनेको छ त त्रिभुवन विश्वविद्यालयको जग्गा कब्जा गर्ने ? जनताले भनेको छ त ललिता निवासको कब्जा गर्ने ? लोकतन्त्रको नाममा जुन १८ वर्ष जसले जसले विभिन्न पदमा गएर लुटेको छ, उनीहरू लोकतन्त्रको रक्षाका लागि फस्टलाइनमा आउनुहोस् ।'

## दक्षिण पूर्वी...

उद्धार भएर आउनेहरूले अनलाइन माध्यममा 'पिग बुचरिङ' भनिने प्रेम ठगी, क्रिप्टो ठगी, गैरकानुनी जुवा र कालो नसम्बन्धी काम गर्न बाध्य पार्ने गरेको बताए। गत वर्ष असारमा म्यान्माको स्क्याम सेन्टरमा पुगेका एक नेपालीले आफू फिरौती तिरेर नेपाल आउनुपरेको उजुरी नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा गरेका थिए ।

प्रहरीले '२६ बबरमहल १८९' नाम दिएका ती पीडितले नेपालमा विभिन्न व्यापार व्यवसायमा संलग्न एक चिनियाँ नागरिकबाट राम्रो रोजगारीको प्रलोभनमा परेर आफू थाइल्यान्ड पुगेको दाबी गरेका थिए ।

चिनियाँ भाषाको दोभाषे साथीमार्फत चिनजान भएका ती चिनियाँले केही महिना नेपालमा काम लगाएर थाइल्यान्डमा कम्प्युटर टाइपिङसम्बन्धी रोजगारीमा लैजाने प्रस्ताव गरेको उजुरीमा उल्लेख छ। म्यान्मा पुगिसकेपछि सक्कल राहदानी र मोबाइल फोन जफत गर्ने, बन्धक बनाउने र विभिन्न सामाजिक सञ्जालमार्फत दिनको १८ देखि २० घण्टासम्म अनलाइन स्क्यामिङको काममा लगाउने गरेको पाइएको प्रहरीले उल्लेख गरेको छ ।

यस्तो काम गर्न नमान्ने पीडितलाई शारीरिक र मानसिक यातना दिने गरेको पाइएको प्रहरी अनुसन्धानले देखाएको थियो । त्यहाँ काम गर्न नसकी स्वदेश फर्किन चाहनेलाई फिरौती रकम माग गर्ने गरेको पनि पाइएको प्रहरी अनुसन्धानबाट खुलेको थियो। प्रहरीका अनुसार नेपाली काठमाडौंबाट सिधै बैंकक, काठमाडौंबाट कोलकाता हुँदै बैंकक र काठमाडौंबाट दुबई तथा अन्य अरब मुलुक हुँदै बैंकक पुग्ने गरेका छन्। यसरी जाने गरेका अधिकांश नेपाली पर्यटक भिसामा त्यहाँ पुग्ने गरेका पाइएको छ।

उद्धार भएका केही नेपालीसँग राहदानी नभएको पाइएको छ । उनीहरूलाई स्वदेश फिर्ता गर्न सहजीकरण गरिदिन म्यान्माको विदेश मन्त्रालयले नेपाली दूतावाससँग अनुरोध गर्दै आएको छ । म्यान्माको कयिन राज्यमा नेपाली मात्र नभई इथियोपिया, केन्या, बुरुन्डी, नाइजेरिया, तान्जानिया, घाना, कम्बोडिया, फिलिपिन्स, मलेसिया, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, चीन, इन्डोनेसिया, ताइवान, युगान्डा, लाओस र ब्राजिलका नागरिकसमेत रहेका पाइएको छ।

सुरुमा मानव तस्करको प्रलोभनमा परी २ वर्षअघि अर्थात् २०७९ मंसिर महिनामा नेपाली युवाको एउटा समूह म्यान्मा पुगी अलपत्र परेको सार्वजनिक भएको थियो। तत्पश्चात् याँगौंस्थित नेपाली दूतावास र बैंककस्थित दूतावासमा उजुरीको चाङ परेको परराष्ट्र मन्त्रालयले जनाएको छ । मानव तस्करहरूले जबर्जस्ती अवैध कार्यहरूमा लगाउने, राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायतका समस्या देखिएको परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

मानव तस्करहरूले अनलाइन जुवा, कल सेन्टर फ्रड, क्रिप्टोकरेन्सी ठगी आदिमा संलग्न शंकास्पद आईटी फर्महरूले बैंककमा रोजगारीका अवसरहरूको प्रलोभन देखाई युवाहरूलाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यान्मा लगी बन्दी बनाएर काम गर्न लगाएको पाइएको छ।

थाइल्यान्ड र म्यान्मामा रोजगारीका विज्ञापनहरू प्रायः सामाजिक सञ्जाल प्लेटफर्महरूमार्फत विभिन्न स्थानका एजेन्टहरूद्वारा प्रस्तावित हुने भएकाले त्यस्ता सामाजिक सञ्जाल प्लेटफर्म वा अन्य स्रोतहरूमा प्रचार गरिएका नक्कली जागिरको प्रलोभनमा नपर्न पनि परराष्ट्र मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न र रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म, कम्पनी वा रोजगारदाताका बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म, कम्पनी वा रोजगारदाताको वेबसाइट चेकजाँच गर्न पनि आग्रह गरिएको छ । तस्करहरूले थाइल्यान्ड र म्यान्माको सूचना प्रविधि (आईटी) क्षेत्रमा 'डिजिटल सेल्स एन्ड मार्केटिङ एक्जुकेटिभ्स'का रूपमा रोजगारी दिने प्रलोभन नेपालीहरूलाई देखाउँदै आएका छन्।

म्यान्माको कयिन प्रान्तको म्यावडी क्षेत्रमा अहिले म्यान्माको सेना र विद्रोही समूहबीच संघर्ष चलिरहेको छ। त्यस क्षेत्रलाई विद्रोहीहरूले कब्जामा लिएर आफ्नो आधिपत्यमा राज्य चलाइरहेका छन् । म्यान्माको म्यावडी क्षेत्रमा पुगी बन्धक बनाइएका तथा अलपत्र परेका नेपालीले आफ्नो उद्धारका लागि नेपालस्थित आफन्तजन, म्यान्मा र थाइल्यान्डमा रहेका नेपाली दूतावासमा सम्पर्क गर्ने गरेका छन् । तर पनि म्यान्मा आउने र ठगिने क्रम रोकिन सकेको छैन ।

## सरकारको...

आर्थिक वर्ष २०८१/८२ को ७ महिनामा विस्तृत मुद्राप्रदाय ४ दशमलव ४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो मुद्राप्रदाय ७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा विस्तृत मुद्राप्रदाय १० दशमलव १ प्रतिशतले बढेको छ ।

विस्तृत मुद्राप्रदाय भनेको संकुचित मुद्राप्रदाय, बचत निक्षेप, कल निक्षेप, मुद्दती निक्षेप र मार्जिन निक्षेपको योगफल हो । यसैगरी, खुद वैदेशिक सम्पत्ति र खुद आन्तरिक सम्पत्तिको योगफलबाट पनि विस्तृत मुद्राप्रदाय प्राप्त गर्न सकिन्छ । कुनै अर्थतन्त्रमा निश्चित समयबिन्दुमा उपलब्ध मुद्राको कार्य गर्न सक्ने सम्पूर्ण तरल सम्पत्तिको योगफललाई नै मुद्रा प्रदाय-मनी सप्लाई) भनिन्छ । यसअन्तर्गत मुख्यतः सर्वसाधारणसँग भएको नगद र बैंक तथा वित्तीय संस्थामा कायम रहेको निक्षेप रहेको हुन्छ। त्यसकारण मुद्राप्रदाय भन्नाले सर्वसाधारणसँग भएको नगद र बैंक तथा वित्तीय संस्थामा कायम भएको निक्षेपको कुल योगफल हो ।

माघ महिनासम्ममा खुद वैदेशिक सम्पत्ति २ खर्ब ८४ अर्ब ४१ करोड रुपैयाँ (१४ दशमलव ३ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो सम्पत्ति २ खर्ब ९७ अर्ब ७२ करोड रुपैयाँ (२० दशमलव ४ प्रतिशत) ले बढेको थियो।

यसैगरी सञ्चित मुद्रा ३ दशमलव ६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १ दशमलव ५ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा सञ्चित मुद्रा ९ दशमलव ९ प्रतिशतले बढेको छ ।

आर्थिक वर्ष २०८१/८२ को ७ महिनामा कुल आन्तरिक कर्जा १ दशमलव ३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ३ दशमलव २ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा यस्तो कर्जा ४ दशमलव ३ प्रतिशतले बढेको छ । ७ महिनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २ खर्ब ४५ अर्ब ३४ करोड रुपैयाँले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३ खर्ब ९७ अर्ब २० करोड रुपैयाँले बढेको थियो ।

माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५ दशमलव २ प्रतिशत, ३४ दशमलव ८ प्रतिशत र ५२ दशमलव ४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६ दशमलव २ प्रतिशत, २७ दशमलव ४ प्रतिशत र ५९ दशमलव ८ प्रतिशत रहेको थियो ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मिति: २०८१/११/२८ को राजधानी राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः पाण्डेय अटो पार्टस** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको), दर्ता नं.: २६४/२०७४/०७५, दर्ता मितिः २०७४/०७/२१, स्थायी लेखा नं.: ६०५५६६१५२, ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:**
**बासुदेव पाण्डेयः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४३ (२०५८/०७/१६/कञ्चनपुर), बाजेको नामः डिलाराम पाण्डेय, बाबुको नामः लोक नाथ पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२।
**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. देवी प्रसाद पाण्डेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५३०२०/३८४ (२०६३/१०/१९/कञ्चनपुर), बाजेको नामः डिलाराम पाण्डेय, बाबुको नामः लोक नाथ पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२।
**ख. गंगादेबि पाण्डेयः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७०५/५७९ (२०४६/०३/१७/कंचनपुर), बाबुको नामः पदम लाल लोहनी, ससुराको नामः डिलाराम पाण्डेय, पतिको नामः लोक नाथ पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२।
**ग. डीमा कुमारी पाण्डेयः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५ ३०२०/५१६ (२०६३/१०/२०/कञ्चनपुर), बाबुको नामः कर्ण प्रसाद रिजाल, ससुराको नामः लोक नाथ पाण्डेय, पतिको नामः बासुदेव पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरण:**
**क.** कर्ण प्रसाद रिजालको छोरी, लोक नाथ पाण्डेयको बुहारी, बासुदेव पाण्डेयको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२ बस्ने **डीमा कुमारी पाण्डेय**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ६४४ को क्षेत्रफल ६७७.२६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** पदम लाल लोहनीको छोरी, डिलाराम पाण्डेयको बुहारी, लोक नाथ पाण्डेयको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ठेगाना कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. १२ बस्ने **गंगादेबि पाण्डेय**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २०४ को क्षेत्रफल ४५५५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः साथीको हार्डवेयर** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र चालुपुजी कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, कपिलवस्तु नगर कार्यापालिका, उद्योग विकास शाखा कपिलवस्तुमा दर्ता रहेको), दर्ता नं.: ७३६८/०७४, दर्ता मितिः २०७४/०६/३१, स्थायी लेखा नं.: ६०७०६२१०६, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११।
**प्रोप्राईटरः**
**शिशिर पन्थीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५०४१/१/०९/५२८८५ (२०५८/०२/१७/कपिलवस्तु), बाजेको नामः यज्ञ प्रसाद पन्थी, बाबुको नामः भरतमणि पन्थी, ठेगानाः कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११।
**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. विष्णु कुमारी पन्थीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/०९/५०१६३ (२०६०/०९/१०/कपिलवस्तु), बाबुको नामः लक्ष्मीराज उपाध्याय, ससुराको नामः यज्ञ प्रसाद पन्थी, पतिको नामः भरतमणि पन्थी, ठेगानाः कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११।
**ख. कल्पना आचार्यः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८-०१-०६९-२७००५ (२०६९/०८/२९/कपिलवस्तु), बाबुको नामः वेद प्रसाद उपाध्याय, ससुराको नामः भरतमणि पन्थी, पतिको नामः शिशिर पन्थी, ठेगानाः कपिलवस्तु जिल्ला, जयनगर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरण:**
**अ.** लक्ष्मीराज उपाध्यायको छोरी, यज्ञ प्रसाद पन्थीको बुहारी, भरतमणि पन्थीको पत्नी, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवसतु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११ बस्ने **विष्णु कुमारी पन्थी**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरू:
**क.** कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा., वडा नं. ५/क स्थित कि.नं. १३५७ को क्षेत्रफल ०-९-१९-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा., वडा नं. ८ स्थित कि.नं. १०१ र १६६ को क्षेत्रफल क्रमशः ६६८.०० र ३४३.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**आ.** यज्ञ प्रसाद पन्थीको नाति, भरतमणि पन्थीको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवसतु जिल्ला, बाणगंगा न.पा., वडा नं. ११ बस्ने **शिशिर पन्थी**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरू:
**क.** कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा., वडा नं. ८ स्थित कि.नं. १७७ को क्षेत्रफल २८८.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा., वडा नं. ५/क स्थित कि.नं. १२३७ को क्षेत्रफल ६६०.३० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः द इलेक्ट्रा** **कर्जा शिर्षकः** बैंक जमानत, ओभरड्राफ्ट सुविधा, डिमाण्ड कर्जा, चालुपुजी कर्जा र सवारी साधन कर्जा
(प्रदेश सरकार, प्रदेश नं. १ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा दर्ता रहेको), दर्ता नं.: ७१८४/०७५/०७६, दर्ता मितिः २०७५/११/१३, स्थायी लेखा नं.: ३०१५०४२०५, ठेगानाः सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ६।
**प्रोप्राईटरः**
**कमल (ठाकुर) भाटीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६७७६/४८७७६ (२०५५/१२/०२/सुनसरी), बाजेको नामः चन्दन मल ठाकुर, बाबुको नामः विनोद कुमार ठाकुर, ठेगानाः सुनसरी जिल्ला, भादगाँउ, सिनुवारी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ९।
**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. बिमल भाटीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७९७३०/८०७३० (२०६०/०४/१८/सुनसरी), बाजेको नामः चन्दन मल ठाकुर, बाबुको नामः विनोद कुमार ठाकुर, ठेगानाः सुनसरी जिल्ला, भादगाँउ, सिनुवारी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ९।
**ख. विनोद कुमार ठाकुरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८३२/१३३६/२७ (क)(२०३७/११/२२/सुनसरी), बाजेको नामः चोगमल ठाकुर, बाबुको नामः चन्दन मल ठाकुर, ठेगानाः सुनसरी जिल्ला, भादगाँउ, सिनुवारी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ९।
**ग. सोनिया भाटीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०६-०१-७९-१११६२ (२०७९/०७/०२/सुनसरी), बाबुको नामः पवन कुमार रजनीवाल, ससुराको नामः विनोद कुमार ठाकुर, पतिको नामः कमल (ठाकुर) भाटी, ठेगानाः सुनसरी जिल्ला, रामधुनी न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ९।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरण:**
**अ.** चन्दन मल ठाकुरको नाति, विनोद कुमार ठाकुरको छोरा, सुनसरी जिल्ला, भादगाँउ, सिनुवारी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ९ बस्ने **कमल (ठाकुर) भाटी**को नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरू:
**क.** सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ८/ख स्थित कि.नं. ६९५ र ६९६ को क्षेत्रफल क्रमशः १६९.२९ र १६९.२९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./न.पा., वडा नं. ९/ग स्थित कि.नं. १३३० को क्षेत्रफल १६९.३२ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**आ.** धनी एनएमबि बैंक लि./ऋणी **द इलेक्ट्रा**को नाममा कोशी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
**सवारीसाधनको विवरण:**
कम्पनीः TATA MOTORS BHARAT, मोडलः TATA ZEST XT निजी कार, सवारी दर्ता नं.: को २ च २३८५, बनेको सालः २०१७, च्यासिस नं.: MAT६२३२५1HPJ२४७४२, इन्जिन नं.: REVTRN०1JSYP०७०१५

**४. ऋणीको नामः सिरहा पब्लिक स्कूल प्रा. लि.** **कर्जा शिर्षकः** सवारी साधन कर्जा
(श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २२९५६, दर्ता मितिः २०५९/११/२२, स्थायी लेखा नं.: ३०३३९००३३, ठेगानाः सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं १ परिवर्तित सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३।
**संचालकः**
**राम प्रकाश यादवः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५५४१-७६७ (२०५५/०३/०७/सिराहा), बाजेको नामः सिताई यादव, बाबुको नामः रामदेव यादव, ठेगानाः सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३।
**व्यक्तिगत जमानतकर्ता:**
**सानु माया दासः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५७ (२०५५/०६/२८/सिराहा), बाबुको नामः मोहन दास, ससुराको नामः रामदेव यादव, पतिको नामः राम प्रकाश यादव, ठेगानाः सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स., वडा नं ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३।
**५. ऋणीको नामः सानु माया दास** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५७ (२०५५/०६/२८/सिराहा), बाबुको नामः मोहन दास, ससुराको नामः रामदेव यादव, पतिको नामः राम प्रकाश यादव, ठेगानाः सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३।
**व्यक्तिगत जमानतकर्ता:**
**राम प्रकाश यादवः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५५४१-७६७ (२०५५/०३/०७/सिराहा), बाजेको नामः सिताई यादव, बाबुको नामः रामदेव यादव, ठेगानाः सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३।
**अ. माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरूको विवरण:**
मोहन दासको छोरी, रामदेव यादवको बुहारी, राम प्रकाश यादवको पत्नी, सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा., वडा नं. ३ बस्ने **सानु माया दास**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.नं. ९४२, ३१४३ र ३१६८ को क्षेत्रफल क्रमशः ०-९-८-०, ०-६-१०-० र ०-६-१०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**आ. ऋणी सिरहा पब्लिक स्कूल प्रा. लि. लाई लेखिदिएको सवारीसाधनको विवरण:**
धनी एनएमबि बैंक लि./ऋणी **सिरहा पब्लिक स्कुल प्रा. लि.**को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
**सवारीसाधनको विवरण:**
कम्पनीः ASHOK LEYLAND, मोडलः MITR BUS ४० SEATER, सवारी दर्ता नं.: प्रदेश २-०३-००१ क ०१७६, बनेको सालः २०१९, च्यासिस नं.: MB१PG३४K२KRJ४७७०९, इन्जिन नं.: JKH५००१९२P

**६. ऋणीको नामः श्रीराम अधिकारी** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): १४७१३६ (२०६१/०२/२०/कास्की), बाजेको नामः इन्द्र प्रसाद अधिकारी, बाबुको नामः वेदनाथ अधिकारी, ठेगानाः कास्की जिल्ला, आर्वाविजय गा.वि.स. वडा नं. ५।
**व्यक्तिगत जमानतकर्ताहरु:**
**क. सुरज अधिकारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६-०१-७१-०३९८९ (२०७१/०४/०९/कास्की), बाजेको नामः इन्द्र प्रसाद अधिकारी, बाबुको नामः वेदनाथ अधिकारी, ठेगानाः कास्की जिल्ला, आर्वाविजय गा.वि.स. वडा नं. ५।
**ख. वेदनाथ अधिकारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५८६२३ (२०५४/०९/२२/कास्की), बाजेको नामः चन्द्रकान्त अधिकारी, बाबुको नामः इन्द्र प्रसाद अधिकारी, ठेगानाः कास्की जिल्ला, आर्वाविजय गा.वि.स. वडा नं. ५।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरण:**
चन्द्रकान्त अधिकारीको नाती, इन्द्र प्रसाद अधिकारीको छोरा, कास्की जिल्ला, आर्वाविजय गा.वि.स. वडा नं. ५ बस्ने **वेदनाथ अधिकारी**को नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, आर्वाविजय गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ९१७ को क्षेत्रफल २-१०-३-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# इतिहासको स्रोत खोज्ने र स्रोत बनाउने कसरी ?



श्रीप्रसाद प्रसाई

*हामीले निर्माण गरेका स्थिर भौतिक संरचना, मठमन्दिर, पाटीपौवा, पुलपुलेसाले त हामीलाई अमरत्व नै प्रदान गर्छन् । यसैगरी अहिले हामीले प्रकाशित गर्ने पुस्तक, पत्रपत्रिका, लेखरचना तथा पेसा वा व्यवसाय सञ्चालनको क्रममा गरेका लिखित पछिका हाम्रै सन्ततिका निम्ति अमूल्य सामग्री हुन्छन्*



इतिहास कसैको मौलिक रचना होइन । इतिहास त तथ्यगत ऐतिहासिक स्रोत सामग्रीको आधारमा तयार पारिएको लिखत हो । स्रोत सामग्रीले प्रमाणित नगर्ने इतिहास, इतिहास हुँदैन कथानक वस्तु मात्र हुन्छ । कसैको दिनचर्या, बानीव्यहोरा पेसाव्यवसाय एवं सामाजिक वातावरण सम्बद्ध यथार्थ तथा काल्पनिक विषय वस्तुलाई समेटेर कथा, उपन्यास, काव्य, खण्डकाव्य र जीवनी लेखेजस्तै गरी इतिहास लेखनकार्य सहज हुँदैन ।

मानव सभ्यता, ऐतिहासिक गौरवगाथा, जातीय संस्कार र रीतिरिवाज पहिचान गराउने प्रामाणिक आधार इतिहासका लागि अपरिहार्य स्रोत सामग्री हुन्छन् । यतार्थकै धरातलमा टेकेर इतिहास लेख्नुपर्ने भएकाले त्यस्ता स्रोत सामग्री कसरी संकलन गर्ने भन्नेबारेमा इतिहासकार जानकार हुनुपर्छ । यसका साथै इतिहास लेख्न हामीलाई आवश्यक पर्ने विगतका स्रोत सामग्री जस्तै : हाम्रा भावी सन्ततिहरूका निम्ति भविष्यमा उपयोगी बन्न सक्ने ऐतिहासिक स्रोत सामग्री छोडिदिनु हामी सबैको कर्तव्य हो भन्ने स्थाम्भकारको मान्यता छ । यो आलेख विगतको ऐतिहासिक स्रोत जुटाउने र अहिलेका पिँढीले भावी पुस्तोका निम्ति ऐतिहासिक स्रोत सामग्री संरक्षित गरिदिने विषयमै केन्द्रित रहेको छ ।

हाम्रो मुलुकको सन्दर्भमा प्राचीन, प्रागेतिहासिक, ऐतिहासिक तथ्यगत सामग्रीकै आधारमा इतिहास लेख्न चाहने व्यक्ति संस्कृत, खस, नेवारी अंग्रेजी र तिब्बती भाषाको जानकार हुनुपर्दछ । किनकि हामीले उपलब्ध गर्न सक्ने कतिपय स्रोत सामग्री यिनै भाषामा प्राप्त हुन्छन् । जसलाई इतिहासकारले बुझेको अवस्थामा लेखन कार्य सहज बन्न सक्छ ।

### (क) इतिहासको स्रोत के हो, कसरी संकलन गर्ने ?

विशेषगरी हामीले प्राप्त गर्ने ऐतिहासिक स्रोत सामग्री निम्नअनुसार हुन्छन् । जसलाई प्राप्त गर्न हामीले स्थलगत भ्रमण गर्नैपर्ने हुन्छ । हाम्रो कोठे लेखाइले मात्र इतिहास पूर्ण हुन सक्दैन ।

**१. अलिभेख**

शिलापत्र वा शिलालेख, ताम्रापत्र, भोजपत्र, ताडपत्र, कागज, काठ, धातु, भित्ता, सुन र भाटाका पात्रहरूमा लेखिएका शासक र जनताको कथन, श्रुति लिखित प्राचीन दस्तावेज नै अभिलेख हो । यस्ता अभिलेखले तत्कालीन समयको राज्य व्यवस्था, शासक, सामाजिक रहनसहन, परम्परा, मानवीय व्यवहार एवं चरित्र, आन्तरिक एवं परराष्टड नीति, वंश, विकास निर्माण, न्याय, धर्म, परोपकार, प्राकृतिक प्रकोप, युद्ध, शान्ति, अर्थनीति र समाजमा नारी-पुरुषको स्थानका बारेमा जानकारी दिन्छ । यस्ता अभिलेख कतिपय माटामुनि, कतिपय सार्वजनिक स्थलमा, कतिपय कार्यालयहरूमा र कतिपय व्यक्तिविशेषकै घरपरिवारमा हुन सक्छन् ।

त्यस्तै, अभिलेख खोजी, अभिलेखले बताएको विवरणअनुसारै इतिचहास लेख्ने हो भने त्यो तथ्यपक इतिहास बन्छ ।

**२. वंशावली**

वंशका अग्रज पिँढीका पुर्खाले व्यावहारिक जीवनमा तयार पारेका लिखत, विभिन्न कालखण्डमा घटेको घटना, वृत्तान्त तथा पारिपारिक एवं वैयक्तिक रूपमा तयार गरी छोडेका सबै प्रकारका अभिलेख वंशावलीभित्र पर्छन् । वंशावलीले व्यक्ति वा समूहको नाम, उनीहरूको दिनचर्या, सामाजिक घटना, युद्ध, शान्ति सामाजिक, आर्थिक, राजनीतिक, लौकिक, परलौकिक, दैविक, प्राकृतिक तथा देश, काल र परिस्थितिको विवरण दिन्छ । यसर्थ, वंशावली पनि इतिहासको स्रोत मानिन्छ । तर, वंशावलीमा उल्लिखित कतिपय कुरा पुष्टि गर्ने सम्बद्ध आधार प्रमाण नभए त्यो भरपर्दो हुन सक्दैन । पछि प्राप्त हुने तथ्यसँग वंशावलीअनुसार उल्लिखित कुरा बाझिन गए इतिहासलाई संशोधन गर्दै जानुपर्छ ।

**३. मुद्रा**

सर्वसाधारण नागरिकलाई सरसामान खरिद-बिक्री गर्न सहजता प्रदान गर्ने उद्देश्यले राज्यले प्रचलनमा ल्याएका रुपैयाँ, टक्का वा दामलाई मुद्रा भनिन्छ । मानिसको उत्पत्ति र विकासको क्रमसँगै मुद्राको पनि क्रमिक रूपमा सुधार हुँदै आएको हो । यस क्रममा प्रारम्भमा माटाको मुद्रा प्रचलनमा ल्याएको मानिसले पछि छाला, ढुंगा, स्पात, फलाम तामा, पित्तल, ढलौट, चाँदी र सुनका मुद्रा क्रमिक रूपमा प्रयोग गर्दै आयो ।

अहिले त कागजी मुद्रा नै अत्यधिक मात्रामा प्रचलनमा आएको छ । कागजी मुद्रा बोक्न र प्रयोग गर्न सहज हुने भएकैले विश्वव्यापी रूपमै प्रयोग हुँदै आएको हो । मुद्राले राजा वा राज्यको अस्तित्व, मिति वा समय, मान्यता, संस्कृति, आर्थिक गतिविधि, देवदेवी र ध्वजाका बारेमा वर्णन गरेको हुन्छ । त्यसले बताउने भाषा बुझेर इतिहासकारले इतिहास लेख्नुपर्छ । मुद्राले अन्य ऐतिहासिक स्रोतलाई प्रमाणित पनि गर्छ ।

**४. लिखित ग्रन्थ**

सर्वसाधारण नागरिकले जीवनयापनको क्रममा गरेका घरायसी लिखत तथा प्रकाशित पुस्तक लिखित ग्रन्थ मानिन्छन् । राज्य सञ्चालकहरूले पनि जनता सम्बद्ध कार्य विवरण कतिपय पुस्तक वा अभिलेखमा राखेका हुन्छन् । त्यस्ता पुस्तकलाई लिखित ग्रन्थ भनिन्छ । यस्ता लिखित ग्रन्थहरूमा तत्कालीन समाजकै सर्वपक्षीय विषयवस्तु समावेश गरिएको हुन सक्छ । जस्तो- कसैको सीप, विद्या दर्शनका बारेमा, कसैको तन्त्रमन्त्र, सुखदुःख, मिलन, विछोडको विवरण, राज्य प्रशासकको घोषणा, कानुनी व्यवस्था, आम्दनी, खर्च र सम्झौता, कसैले लेखेको महाकाव्य, बक्रोक्ति र चित्र, नेवारी भाषामा लेखिएको 'ठ्यासफु' आदि लिखित ग्रन्थ मानिन्छन् । यस्ता ग्रन्थबाट देश, काल, शासक लेखक, स्थान, लक्ष्य, उपयोग, प्रयोजन र मितिका बारेमा जानकारी हुने भएकाले त्यसले इतिहासलेखनमा सहयोग पुग्छ ।

**५. उत्खननबाट प्राप्त सामग्री**

कतिपय अवस्थामा ऐतिहासिक महत्त्वको स्थलमा उत्खनन गर्दा, अवलोकन भ्रमण गर्दा र स्थलगत निरीक्षण गर्दा महत्त्वपूर्ण ऐतिहासिक स्रोत फेला पार्न सकिन्छ । यस क्रममा भेटिने कलाकृति, प्राचीन मानवले प्रयोग गरेका सरसामान इतिहास लेखनका महत्त्वपूर्ण आधार बन्छन् ।

**६. यात्रा वृत्तान्त**

अधिकांश यात्रीले आफ्नो यात्राको क्रममा पाएको देखेको वृत्तान्त टिपोट गरेका हुन्छन् । नयाँ ठाउँको यात्रा गर्दा यात्राको क्रममा कस्तो कस्तो ठाउँ पुगियो । कहाँका मानिसको व्यवहार कस्तो थियो । त्यहाँका शासक कस्ता थिए । उनीहरूको प्रशासनिक व्यवहार र प्रवृत्ति कस्तो थियो । त्यहाँ प्रचलित मुद्रा, आम्दानीको स्रोत, समाजको जीवनस्तर कस्तो थियो ? भन्ने कुरा आफ्नो यात्रा वृत्तान्तमा समेटेका हुन्छन् । यात्रा प्रारम्भ कहाँबाट कहिले गरियो र अन्त्य कहिले कुन ठाउँमा भयो ? भन्ने विवरण वृत्तान्तमा टिपोट हुने भएकाले त्यो महत्त्वपूर्ण इतिहासको स्रोत हुन्छ ।

**७. लेख गोष्ठीपत्र, पत्रिका र पर्चा**

आज गरिएको जुनसुकै टिपोट पनि भोलिका लागि इतिहास हुन्छ । प्राचीन ग्रन्थ, लेख, गोष्ठीपत्र, पत्रिका र पर्चाले तत्कालीन सामाजिक ऐतिहासिकता उजागर गर्छ । त्यस्ता ज्ञानगुणका लिखतमा गहन सभ्यताको इतिहास हुन्छ ।

पूर्वप्रकाशित पुस्तक र लेखरचनाहरू इतिहासको भरपर्दो स्रोत बन्छ । अझ विभिन्न समयमा घटेका घटनालाई बयान गरेर प्रकाशित भएका पुस्तक र आलेख, गोष्ठीपत्र, पत्रिका र चिठीपत्रबाटै तत्कालीन सामाजिक अवस्था पहिचान गर्न सकिन्छ । यस्ता स्रोत स्वदेशी विदेशी दुवै हुन सक्छन् ।

**८. लोक इतिहास**

लोक इतिहास भनेको पढलेख गर्न नजान्ने व्यक्तिले बोलेको ऐतिहासिक भाषा हो जो कतिपय सन्तान दरसन्तानसम्म फैलँदै आएको हुन्छ । लोक इतिहास कथाजस्तै आफ्नै पुस्तौनी पिँढीमा सर्दै जाने भएकाले पछिको पुस्ताका निम्ति यो आफैं इतिहास बन्छ ।

लोक इतिहास प्रमाणि स्रोत नभए पनि कतिपय अवस्थामा इतिहास लेखमा यसको प्रयोग गर्नैपर्ने हुन्छ । यस्ता अपुष्ट स्रोतहरूमा लोकगाथा, दन्त्यकथा, जनश्रुति, लोकगीत, उखान टुक्का, कर्रा, धामरी, झोडा, टमौटा, चाकरीदार, दबारिया भाइभारदार, भरौटे, आसेजस्ता व्यक्तिविशेषको लुकेको पक्षलाई उजागर गर्न मद्दत गर्ने भएकाले इतिहास लेखनमा यसको महत्त्व हुन्छ ।

**९. गहना, कपडा, मूर्ति, बाजा, औजार र शृंगारका सामान**

सामान्यतया राजनीतिक परिवर्तन चाँडो हुन सक्छ तर सांस्कृति परिवर्तन अत्यन्त ढिलो हुन्छ । पुरुष र महिलाले प्रयोग गर्ने उल्लिखित साधनले तत्कालीन समयको सिङ्गो सामाजिक अवस्था नै चित्रित गर्छ । तर, त्यसले बताएको भाषालाई बुझ्न सक्नुपर्छ ।

जीवनोपयोगी वस्तुहरू जस्तो : खेलौना, कौतुक, बाजागाजा, दैवी विश्वासका प्रतीकजस्तो चित्र, भित्तेचित्र, पौभाचित्र, यन्त्र तथा जुक्तिहरू पनि तत्कालीन इतिहासका स्रोत मानिन्छन् । मानव जीवनका यस्ता प्रयोगका सामानले तत्कालको सामाजिक संरचना एवं परम्पराको ज्ञान दिन्छ । यसैले यस्ता सामग्री पनि महत्त्वपूर्ण ऐतिहासिक स्रोत मानिन्छन् ।

**१०. रसिद, बिल, भर्पाई, भौचर, वाणिज्यपत्र र करार**

यी सबै व्यपार व्यवसायमा प्रयोग गरिने लिखत हुन् । कारोबार गर्दा हुने लेनदेनका बिल दस्तावेज, रसिद, भर्पाई, भौचर, वाणिज्य आदेशपत्र, कसैसँग गरिएको करारपत्र अहिले गरिने भए पनि त्यस्ता लिखतहरू भविष्यका पुस्ताका लागि इतिहासको स्रोत बन्छन् । यस्ता डकुमेन्टले तत्कालको आर्थिक स्थितिको झलक दिन्छ । व्यावसायिक कागजपत्र पनि स्वदेशी र विदेशी दुवै हुन सक्छन् । दुई देशबीच व्यापार गर्दा, सम्बन्ध स्थापित गर्दा, तयार पारिने लिखतले बोल्ने अमुक भाषा इतिहासकारले बुझ्न सक्नुपर्छ । राजनीतिक इतिहासभन्दा वाणिज्यको इतिहास पुरानो मानिन्छ ।

### (ख) इतिहासको स्रेस्ता कसरी सुरक्षित गर्ने ?

हामीले जीवनयापनकै क्रममा माथि उल्लिखित कतिपय स्रोत त्यसै पनि संकलन गर्दै ल्याएकै हुन्छौं । तिनै चीजवस्तु सुरक्षित गरिदिए भावी पुस्ताका निम्न अमूल्य ऐतिहासिक स्रोत हुन्छन् । पहिलेका पिँढीको तुलनामा हामी अहिले धेरै सुविधाभोगी र सम्पन्न पनि छौं । सोखले पनि आफ्नै दिनचर्याको झलक हामी संकलित गर्छौं । जस्तो : फोटो, कलाकृति, प्रतिमा र स्मरणीय अन्य विविध सामग्री ।

यसैगरी, हामीले सोखले संकलन गर्ने रुचिकर विषयवस्तु जस्तो : मनपरेकै पुस्तक, लत्ताकपडा, गरगहना, उपयोग्य सामग्री, वेशभूषालाई संरक्षित गऱ्यो भने तिनै वस्तु पछिका सन्तानका लागि ऐतिहासिक स्रोत बन्छन् । हामीले निर्माण गरेका स्थिर भौतिक संरचना, मठमन्दिर, पाटीपौवा, पुलपुलेसाले त हामीलाई अमरत्व नै प्रदान गर्छन् । यसैगरी अहिले हामीले प्रकाशित गर्ने पुस्तक, पत्रपत्रिका, लेखरचना तथा पेसा वा व्यवसाय सञ्चालनको क्रममा गरेका लिखित पछिका हाम्रै सन्ततिका निम्ति अमूल्य सामग्री हुन्छन् ।

दुष्टान्तका निम्ति हामीले युट्युब र फेसबुकमै राखेका लिखत वा अभिव्यक्तिलाई हेर्ने हो भने यसले अहिलेको समाज र मुलुककै सर्वपक्षीय परिदृश्यको चित्रण गर्छ । सामान्य पारिवारिक जमघटकै होस् वा कुनै सभासमारोहकै तस्बिर भावी पुस्ताका निम्ति इतिहासको मात्र होइन, शिक्षाकै स्रोत हुन्छ । कुनै कार्यक्रम एवं समारोहस्थलको तस्बिरले धेरै कुरा बताउन सक्छ । समूहमा लिएको तस्बिरले सामाजिक एकता, सामाजिक व्यवहार र सामाजिक जीवनस्तरको अवस्था, पारस्परिक सम्बन्ध र आत्मीयता, आर्थिक अवस्था, मिलन र आक्रोशको झलक दिन्छ भने कार्यक्रमस्थलको तस्बिरले चेतनाको स्तर, संस्कार र रीतिरिवाज एवं मिति उल्लेख गरेको भए विगत र अहिलेको समाजको अवस्थालाई तुलनात्मक रूपमा अध्ययन गर्न सहयोग पुऱ्याउँछ ।

यसर्थ, अहिले हामीले फेसबुकमै राखेको सामग्रीले नै आफ्नै आर्थिक अवस्था, हाम्रो सोच र दृष्टिकोण जीवनयापन शैली, संस्कार र रीतिरिवाज, आत्मीय सम्बन्धको झलक दिन्छ । आलेख वा लिखित अभिव्यक्ति भए त समाजको मात्र होइन राष्ट्रकै सर्वपक्षीय वृत्तान्तको ज्ञान दिन्छ । अहिले सामान्य लाग्ने यिनै सामग्रीहरू भावी पुस्तका निम्ति दुर्लभ ऐतिहासिक स्रोत हुन्छन् । यसर्थ, यस्तै सामग्रीलाई सुरक्षित गरी भावी पुस्ताका लागि इतिहास लेखनको स्रोत भण्डारण गर्नेतर्फ सबैले ध्यान पुऱ्याउँछ ।

---

**टिप्पणी प्रतिक्रिया**

## अभिभावक शिक्षा आवश्यक छ ?

शिक्षाले सामाजिक परिवेशअनुसार व्यक्तिको व्यक्तित्वमा परिवर्तन ल्याउन सहयोग गर्छ । अहिले समाजमा नैतिक आचरणको अभाव छ । अहिले विद्यालयदेखि उच्चशिक्षासम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा नैतिक शिक्षाको विषयवस्तु समावेश गरिएको छैन । शिक्षालयहरूले शिक्षार्थीलाई असल आचरण, व्यवहार, तथा संस्कारहरू सिकाउन सक्ने शिक्षा आवश्यक पर्छ । आजका कलिला बालबालिका तथा किशोरकिशोरीलाई नैतिक शिक्षा पाई समाजका स्थापित आवश्यक छ । नैतिक आचरणको अभावमा समाजमा सहनशीलता, सामाजिक सद्भाव र सहिष्णुमैत्री व्यवहार कमजोर हुन्छ । देशको शिक्षा प्रणालीमा नैतिक शिक्षालाई पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइमा प्राथकिकता दिई असल आचरण भएको शिक्षित जनशक्ति उत्पादन गर्नुपर्छ ।

शिक्षालयहरूले विद्यार्थीमा उत्पन्न विभिन्न प्रकारका समस्या समाधान गर्न अभिभावकको काम गर्नुपर्छ । विभिन्न उमेर समूहका बालबालिकाहरूमा आ-आफ्नै किसिमका समस्या हुन्छन् । उनीहरूले समस्याहरू खुलस्त रूपमा आफ्ना बुबा, आमा, अभिभावक, शिक्षक तथा साथीहरूलाई भन्न नसकेको अवस्था हुन्छ । विद्यालय प्रशासन तथा गुरुजनहरूले उनीहरूका समस्याहरू समाधान गर्न सहजकर्ताको भूमिका खेल्नुपर्छ । शिक्षण पेसामा संलग्न गुरुजनमा व्यक्ति एक भूमिका अनेक हुन्छन् । यसरी हेर्दा गुरुजनले घर, परिवार शिक्षालय तथा कतिपय क्षेत्रमा समाजको नै अभिभाकत्वको भूमिका खेल्नुपर्ने हुन्छ । आजका बालबालिकाहरू भोलिका नागरिक हुन् । सानै उमेरदेखि घर, परिवार, समाज, शिक्षालयलगायतका अनौपचारिक तथा औपचारिक संस्थाहरूले आ-आफ्नो ठाउँबाट बालबालिकालाई सकारात्मक तथा प्रेरणादायी अभिभावकत्व प्रदान गर्न अपरिहार्य ठानिन्छ ।

अभिभावकले छोराछोरीलाई अधिकार र कर्तव्यबीचको सम्बन्ध राम्ररी बुझाउन सक्नुपर्छ । बालबालिकाले घर, परिवारको सदस्य भएकामा गौरवको अनुभूति गर्न सक्ने वातावरणको सिर्जना गर्नु अभिभावकको दायित्व हो । उनीहरूमा खुसीमा नमात्तिने र दुःखमा नआत्तिने बानीको विकास गराउनुपर्छ । उमेरको वृद्धिसँगै आउने शारीरिक, मानसिक तथा बौद्धिक विकास भए-नभएको कुरामा पनि अभिभावकहरू चनाखो हुनुपर्छ ।

एकातिर बालबालिकाहरूलाई विश्वव्यापी विज्ञान र प्रविधिको ज्ञान अति आवश्यक भइसकेको अवस्था छ भने अर्कोतिर इन्टरनेट, कम्प्युटर, मोबाइललगायतका डिजिटल प्रयोगले उनीहरू एकोहोरो भएको, सामाजिक र व्यावहारिक वन्न नसकेको बालमनोविद्हरूको बुझाइ छ । साइबर अपराध, मादकपदार्थ सेवन, धूमपानजस्ता कुलतमा लाग्ने बालबालिकाहरूको संख्यामा पनि वृद्धि भइरहेको तथ्यांक छ । यी र यस्ता कुलतबाट जोगाउन र उचित मार्गनिर्देश गर्ने प्राथमिक दायित्व अभिभावकको हो । बालबालिकाको सकारात्मक सूचना र सन्देश प्रवाहको मूलस्रोत अभिभावक भएकाले उनीहरूको समृद्धिका लागि नेतृत्वदायी भूमिका आवश्यक ठानिन्छ । विद्यमान सामाजिक अन्धविश्वास, कुरीति, कुसंस्कार, दुर्व्यसन तथा कुलतका बारेमा पनि छोराछोरीहरूसँग कुराकानी, छलफल, विचार आदानप्रदान गर्न समय निकाल्नुपर्छ । यसबारेमा गत २२ फागुनमा राजधानीमा प्रकाशित डा. देवीप्रसाद आचार्यको लेख मननयोग्य छ ।

● हरि खड्का
पाल्पा

---

**हाम्रो स्वास्थ्य**

## मोटोपन र मुटुरोगको अन्तर्सम्बन्ध

डा. अवनिभूषण उपाध्याय

**शरीरको तौल करिब एक किलोग्राम बढ्दा नौदेखि १३ प्रतिशतसम्मलाई जोर्नी दुख्ने समस्या बढ्ने गरेको पाइएको छ । साथै, तौल घट्नासाथ जोनीको दुखाइ घट्ने गरेको पाइन्छ**



केही वर्षअघिसम्म मोटो व्यक्तिलाई स्वस्थ एवं खाइलाग्दो व्यक्तिको रूपमा हेरिन्थ्यो भने दुब्लो, पातलोलाई रोगीको रूपमा हेर्ने गरिन्थ्यो । तर, बिस्तारै यस्तो सामाजिक सोचमा परिवर्तन आएको छ । अहिले अधिकांश मानिस आफूलाई स्वस्थ राख्न मोटो हुनबाट निकै सचेत रहेको पाइन्छ । मोटोपनबाट हुन सक्ने स्वास्थ्य जोखिमका बारेमा जानकारी राख्नेहरूको संख्या बढ्दै छ ।

मोटोपनलाई रोगको घरको रूपमा लिन थालिएको छ । यद्यपि, कतिपय मानिस चाहेर वा नचाहेर पनि मोटोपनको सिकार बनेका छन् । मोटोपन भएकालाई जुन कारण र जति धेरै स्वास्थ्य जोखिम छ दुब्लो पातलोलाई त्यस्तो हुन्न । दुब्लो भएर पनि धूमपान गर्ने, चिनीयुक्त खानेकुरा खाने, सन्तुलित भोजन नगर्ने, तनावग्रस्त रहने व्यक्तिलाई मुटुरोगको उच्च जोखिम हुने गर्छ ।

मोटोपन यस्तो अवस्था हो, जसले गर्दा शरीरमा धेरै किसिमका रोग उत्पन्न भई मानिसको मृत्युसम्म हुने गर्छ । मुटुरोगमा हृदयघात, हार्ट फेलियर, अपर्झट मृत्यु हुने, एन्जाइना, मुटुको चालको गडबडी आदि समस्या हुने पर्छ । शरीरको तौल अर्थात् बीएमआई २५ भन्दा बढी भएकामा मोटोपनको समस्या ज्यादा हुने गर्छ ।

शरीरको वजन ठिक्क भएका भन्दा वजन बढी भएका मानिसमा उच्च रक्तचाप दोब्बर हुने गर्छ । मोटोपनले नराम्रो कोलेस्ट्रोल बढाउने मात्र होइन, राम्रो कोलेस्ट्रोललाई पनि घटाउँछ । शरीरमा कोलेस्ट्रोलको मात्रा बढ्न गएमा रगतको नसामा जम्मा हुन्छ र नसा साँघुरो बनाइदिन्छ । यसले मुटुलाई पम्प गर्न गाह्रो हुन्छ । त्यसैले मोटोपन र मुटुरोगबीच सीधा सम्बन्ध छ ।

मोटोपनलाई विश्वमा दीर्घरोगको रूपमा हेर्न थालिएको छ । हाल युरोप, अमेरिकामा स्वास्थ्यका समस्यामध्ये मुख्य समस्याको रूपमा मोटोपनलाई मानिएको छ । मानिसमा चेतना बढ्दै गए पनि जीवनशैली बिग्रिँदै गएका कारण ती देशमा पनि यो समस्या धेरै मानिसलाई देखिएको छ ।

असन्तुलित खानपान, अत्यधिक खानपान, अनियन्त्रित खानपान नै मोटोपनको एउटा मूल कारण हो । त्यसमध्ये पनि कतिपयमा वंशानुगत कारण वा कुनै रोगको कारण पनि मोटोपन हुने गर्छ । विश्वमा सामान्यतया १५ प्रतिशत महिलामा मोटोपन देखिएको छ भने ११ प्रतिशत पुरुषमा मोटोपन छ । तीन जनामा एक जना पुरुषमा मोटोपनको समस्या छ भने महिलामा चार जनामा एक जनामा वजन ज्यादा देखिएको छ ।

नेपालमा पनि मोटोपन एक स्वास्थ्य समस्याको रूपमा देखिएको छ । सन् २०१३ मा नेपालको कुल जनसंख्याको २१ प्रतिशतमा मोटोपन पाइएको थियो भने सन् २०१९ मा २९ प्रतिशतमा यो समस्या पाइएको थियो । तैपनि नेपाल मोटोपन कम नै भएको देशको सूचीमा पर्छ । विश्व स्वास्थ्य संगठनले गरेको अध्ययनअनुसार नेपालमा ३५ प्रतिशत महिला, ६ प्रतिशत किशोरकिशोरी र तीन प्रतिशत ५ वर्षमुनिका बालबालिकामा मोटोपन पाइन्छ । अरू प्रदेशमा भन्दा बाग्मती प्रदेशमा मोटोपनको समस्या धेरै भएको सो अध्ययनले देखाएको छ ।

### मोटो व्यक्तिमा जोखिम

वार्षिक रूपमा विश्वमा समयअगावै अर्थात् औसत उमेरभन्दा कम उमेरमा हुने मृत्युको संख्या करिब ३ लाख छ । विश्वमा मोटोपनको समस्याले वार्षिक ३ लाख मानिसको मृत्यु भइरहेको छ । मृत्युको कारणमध्ये मोटोपनलाई प्रमुख जोखिम तत्त्व मानिन्छ । डब्लूएचओले गरेको अध्ययनमा उच्च रक्तचाप, सुर्तीजन्य वस्तुको सेवन र खानपिनका कारण हुने मृत्युपछि चौथो नम्बरको कारणमा मोटोपनलाई देखाएको छ ।

जति शरीरको वजन बढ्यो उति मानिसको मृत्यु बढ्ने गर्छ । बीएमआई ३० भन्दामाथि भएका मोटा मानिसमा ५० प्रतिशतदेखि शतप्रतिशतसम्म अकाल मृत्यु हुने खतरा हुन्छ । सामान्य बीएमआई हुनेको भन्दा बीएमआई ३० भन्दा बढी हुनेको मृत्यु अकालमा हुने खतरा धेरै नै हुन्छ । त्यसकारण मोटोपन आफैं पनि मानिसको मृत्युको कारक तत्त्व हो । मोटोपन अलिअलि हुँदा पनि मानिसको मृत्युको संख्या बढी देखिन्छ ।

एक अध्ययनअनुसार मानिसको तौल हुनुपर्ने आवश्यक तौलभन्दा पाँच केजी मात्र बढी हुँदा पनि ३० देखि ६४ वर्षका मानिसको मृत्यु बढी भएको पाइएको छ । उनीहरूलाई हृदयाघात बढी भएको पाइएको छ । शरीरको तौल बढी अर्थात् बीएमआई २५ भन्दा बढी भएमा हुने मुटुका रोगमा हृदयघात, हार्ट फेलियर, एन्जाइना, मुटुको चाल गडबडी हुने, मुटुमा भएका अन्य समस्याका कारण हुने आकस्मिक मृत्यु आदि हुने गरेको पाइएको छ ।

शरीरको तौल करिब पाँच केजी जति बढी हुँदा पनि शरीरको तौल ठिक्क भएकाहरूलाई भन्दा तौल बढी भएकालाई उच्च रक्तचाप र मधुमेह करिब दोब्बर हुने गरेको पाइएको छ । मधुमेह भएकाहरूमध्ये करिब ८० प्रतिशतको शरीरको तौल बढी भएको पाइन्छ । साथै, शरीरको तौल बढी भएकामा राम्रो कोलेस्ट्रोल कम हुने र खराब कोलेस्ट्रोल बढी हुने गरेको पाइएको छ ।

मोटोपनले ल्याउने अर्को समस्यामा क्यान्सर पनि हो । मोटा मानिसमा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर, पित्तथैलीको क्यान्सर, मिर्गौलाको क्यान्सर, प्रोस्टेट क्यान्सर बढी हुने गरेको पाइन्छ । शरीरको तौल बढी भएका महिलामा ठिक्क वजन भएकाहरूमा भन्दा स्तन क्यान्सर दुई गुणा बढी भएको पाइएको छ । मोटो व्यक्तिमा श्वासप्रश्वाससम्बन्धी समस्या बढी नै हुने गर्छ । सुत्ने बेलामा हुने श्वासप्रश्वाससम्बन्धी समस्या वा घुर्ने समस्या पनि शरीरको तौल बढी हुनेहरूमा धेरै भएको पाइन्छ ।

शरीरको तौल करिब एक किलोग्राम बढ्दा नौदेखि १३ प्रतिशतसम्मलाई जोर्नी दुख्ने समस्या बढ्ने गरेको पाइएको छ । साथै, तौल घट्नासाथ जोनीको दुखाइ घट्ने गरेको पाइन्छ । मोटा महिलालाई गर्भाधान भएको बेला धेरै समस्या हुन्छ । गर्भावस्थामा मोटोपन भएको कारण आमा र बच्चाको मृत्युदर बढ्छ । मोटोपनको कारणले गर्भावस्थामा हुने डायबिटिज पनि बढी हुन्छ । वजन धेरै भएका आमाबाट जन्मजात रूपमा रोग भएका बच्चा धेरै जन्मिन्छन् । अन्य समस्याहरूमा पित्तथैलीको रोग, पिसाब चुहिने रोग, शल्यक्रिया गर्दा जोखिम हुने, डिप्रेसन धेरै हुने हुन्छ । बालबच्चामा मोटोपन भएमा पछि गएर मुटुरोग धेरै हुने, मधुमेह हुने, पछिसम्म पनि मोटो भइराख्ने समस्या हुन्छ ।

### कसरी बच्ने त ?

मोटोपन मुटुरोगको एउटा मुख्य कारण हो । त्यसैले मोटोपनलाई नियन्त्रण गर्न सकियो भने मुटुरोगको जोखिमबाट बच्न सकिन्छ । साथै मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल पनि मुटुरोग निम्त्याउने भएकाले त्यसलाई नियन्त्रणमा राख्नुपर्छ । मोटोपन नियन्त्रण गर्न जीवनशैली परिवर्तन र खानपान परिवर्तन गर्नुपर्छ । दैनिक व्यायाम गर्ने, तनाव कम गर्ने गर्नुपर्छ । अल्छी जीवन, बसिरहनुपर्ने, ज्यादा खाना खानुपर्ने, गुलिया चिल्लो, नुन धेरै खाने, फलफूल, सागपात नखाने वा थोरै मात्र खाने, व्यायाम नगर्ने, रक्सी चुरोट पिउने, टेलिभिजन, कम्प्युटर मोबाइलमा धेरै समय बिताउने आदि खराब जीवनशैली हुन् ।

ठीक समयमा सुत्ने र ठीक समयमा उठ्ने अर्थात् सधैं एउटै समयमा सुत्ने, उठ्ने गर्नुपर्छ । तनावबाट आफूलाई बचाउनुपर्छ । सन्तुलित खाना (प्रोटिन, कार्बोहाइड्रेट र चिल्लोको सन्तुलन भएको) खाने गर्नुपर्छ । कार्बोहाइड्रेट घटाउने र प्रोटिन बढाउने गर्नुपर्छ । गुलियो मिठाई, केक, आइसक्रिम आदि खानु हुँदैन । दैनिक व्यायाम एवं योग गर्ने, फलफूल र सागपात प्रशस्त खाने, सकेसम्म हिँड्ने र यातायातको साधन कम प्रयोग गर्ने, सकेसम्म लिफ्टको प्रयोग नगरी भऱ्याङमा हिँड्ने गर्नुपर्छ । साँझको खाना सकेसम्म घाम अस्ताउनेबित्तिकै खानुपर्छ । दिनभरिमा ३-४ पल्टभन्दा बढी केही पनि खानु हुँदैन । नियमित रूपले एउटै समयमा खाना खाने, एकैपटकमा धेरै खाना नखाने, भोक धेरै लागेको बेला कम क्यालोरी दिने खानेकुराहरू जस्तै : गाँजर, काँक्रो, कागतीको सर्वतलगायत फलफूल र जुस सेवन गर्दा फाइदा हुन्छ ।

*(वरिष्ठ मुटुरोग विशेषज्ञ डा. उपाध्यायसँग गरिएको कुराकानीमा आधारित)*

**स्रोत : रासस**

# गणतन्त्रको पक्षमा प्रदर्शन गर्दै समाजवादी मोर्चा

**काठमाडौं/रास–** चार दल सहभागी समाजवादी मोर्चाले संविधान र गणतन्त्र रक्षा तथा प्रतिगामी हर्कतविरुद्ध प्रदर्शन गर्ने भएको छ। मंगलबार बसेको मोर्चा बैठकले १५ चैतमा काठमाडौंमा गणतन्त्रको पक्षमा र प्रतिगामी हर्कतको विरुद्धमा हजारौं जनता उतारेर विरोध प्रदर्शन गर्ने निर्णय भएको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले बताए। 'देशको पछिल्लो राजनीतिक परिस्थिति जो छ, त्यसका बारेमा गम्भीर विश्लेषण गरेको छ। एउटा वस्तुगत निष्कर्ष निकालेको छ र यो स्थितिलाई ट्याकल गर्नका निम्ति केही कार्यक्रम र योजनाहरू तय गरेको छ', बैठकपछि निर्णय सार्वजनिक गर्दै उनले बताए। मोर्चाले नेपाली जनताले आफ्नो व्यवस्था, मुक्ति र स्वाधीनताका निम्ति धेरै ठूलो संघर्ष गरेर प्राप्त गरेको र स्थापित गरेको गणतन्त्रका विरुद्धमा गम्भीर षड्यन्त्र सुरु भएको निष्कर्षसमेत निकालेको छ।

# गणतन्त्र सुदृढ बनाउँदै अघि बढ्छौं : ओली

**राजधानी समाचारदाता**
काठमाडौं, २७ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै सरकारले सुशासन र समृद्धिको बाटोमा तीव्रताका साथ काम गरेर मुलुकलाई अगाडि बढाउन थालेको बताएका छन्।

कोशी प्रदेशसभामा मंगलबार विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको बलिदानी र संघर्षको बलमा प्राप्त संविधानको रक्षा गरी आवश्यकतानुसार जनता र संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा संशोधन गर्दै जाने उनले बताए।

यस प्रणालीमा जोकोही पनि प्रतिस्पर्धा गर्न पाउने भएकाले व्यवस्थाविरोधी आवाज उठाउन आवश्यक नभएको बताउँदै उनले संविधानसम्मत्, शान्तिपूर्ण र सुशासनको बाटोबाट यस व्यवस्थालाई अझ उन्नत बनाउन सकिने बताए। 'हामी जनताको गरिबी र पछ्यौटेपन हटाएर जान चाहन्छौं। गरिबी हटाएर मात्रै सन्तोष मान्दैनौं। समग्र मानवीय जैविक र न्यायोचित आवश्यकताको परिपूर्ति गरेर मुलुकलाई अगाडि बढाउनु छ,' प्रधानमन्त्री ओलीले भने, 'नागरिक सर्वोच्चता भएको यस प्रणालीमा रहेर समृद्धिका लागि छिटो काम गर्न चाहन्छौं। रोजगारीका अवसरमा सिर्जना गर्न चाहन्छौं। त्योभन्दा पहिला हामीले उद्यमशीलतामा जोड दिनुपरेको छ। त्यसकारण देशलाई पछाडि फर्काउने होइन, अगाडि बढाउने हो। संविधानबमोजिम तीनै तहका सरकारले सहकार्य गरेर देश विकासमा लाग्नुपर्छ।'

प्रधानमन्त्री ओलीले देशको भौगोलिक, सांस्कृतिक र जातीय विविधतालाई मनन गरेर विविधताबीच एकता कायम गर्दै गौरवपूर्ण इतिहास भएको नेपाललाई विश्व मानचित्रमा सार्वभौम, लोकतान्त्रिक र समृद्ध बनाउन आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने बताए।

ओलीले एकाध स्वार्थी मान्छेको पछि देश लाग्न नसक्ने बताएका छन्। देशमा केही भएको छैन्। देश खत्तम भयो, वर्तमान व्यवस्थाले देश बिगार्यो भन्नेहरूले योभन्दा बेटर प्रणाली कुन हो त्यसको बारेमा बताउनुपर्ने उनले बताए। 'योभन्दा बेटर प्रणाली अरू कुनै छ ? छ भनेदेखि ठीक छ। योभन्दा बेटर प्रणाली के हो ? योभन्दा राम्रो प्रणाली के हो ?। जसो पायो त्यसै एकाध मान्छेका स्वार्थको पछाडि देश लाग्न सक्दैन। बेटर प्रणाली भनेको के हो ? त्यो बेटर प्रणाली बनाउनका लागि सुधार गर्नका लागि र संविधान छ, सरकार तयार छ। सार्वभौमसत्तासम्पन्न जनता तयार छन्। तर, त्यसको बाटो हामीले तयार गरेका छौं। शान्तिपूर्ण संवैधानिक र लोकतान्त्रिक प्रणाली र प्रक्रियागत बाटो। त्यस बाटोबाट हामी अघि बढ्छौं। त्यो कानुन, न्याय समाज र सामाजिक मान्यतासम्मत बाटो हो,' उनले भने।

प्रदेशसभालाई सम्बोधन गर्दै ओलीले नेपालले सगरमाथा संवादको तयारीलाई तीव्र पारिएको जानकारी गराए। कोशी प्रदेशको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय पक्षको महत्त्वबारे प्रदेश सरकारले ध्यान दिनुपर्ने ओलीको बताए। 'यति धेरै अग्ला हिमाल थुप्रै भए पनि ८ हजार मिटरमाथिका हिमाल पर्यावरणीय हिसाबले महत्त्वपूर्ण छन्। नदीहरूको महत्त्व पनि उत्तिकै छ। प्राकृतिक हिसाबले यो उर्वर र ठूलो इकोसिस्टम पैदा गर्ने कोशी प्रदेशमा छ,' उनले भने।

## पृष्ठ १ बाट क्रमश:

## मेयर महर्जनविरुद्ध...

सर्वोच्च अदालतले बालबालिकालाई पढ्न पाउने अधिकारबाट वञ्चित नगराउन भन्दै नेपालरत्न स्कुलमा अध्ययनरत विद्यार्थीको शिक्षाको पुहँचको सुनिश्चितताका लागि नगरपालिकाले विद्यालयलाई पढाइ सञ्चालन रोक्न गरेको निर्णय कार्यान्वयन नगर्न भने पनि मेयर कृष्णहरि महर्जनले भने मापदण्ड नपुगेको भन्दै अनुमति नै रोकिदिएका थिए।

गरिब तथा विपन्न बालबालिका पढ्ने विद्यालयको अनुमति रोकेर मेयर महर्जनले विद्यालयसँग व्यक्तिगत दुश्मनी लिएका थिए। मेयर महर्जनले अदालतको आदेशविपरीत कक्षा सञ्चालनमा समेत अवरोध गरेपछि नेपाल रत्न स्कुलको तर्फबाट मीरा घर्तीमगरले अदालतको अवहेलनामा कारबाहीको माग गर्दै सर्वोच्चमा निवेदन दिएकी थिइन्।

मेयर महर्जनले विपन्न, असहाय र अभिभावकविहीन बालबालिका पढ्नका लागि सञ्चालनमा आएको तारकेश्वरको नेपालरत्न स्कुलको कक्षा ९ को अनुमति रोकिदिएका हुन्। शैक्षिक गुठीअन्तर्गत सञ्चालित सो विद्यालयमा हाल कक्षा ९ सम्म दाताको सहयोगमा ४ सय विद्यार्थी निःशुल्क अध्ययनरत छन्।

अभिभावकविहीन र विपन्न बालबालिकालाई लक्षित गरेर सञ्चालित सो विद्यालयले विगत ३ वर्षदेखि कक्षा ९ को अध्यापन अनुमति पत्रका लागि विभिन्न निकायमा धाइरहेको छ।

विद्यालय सञ्चालन गर्ने र कक्षा थपघट गराउने सम्पूर्ण अधिकार अहिले स्थानीय तहलाई दिइएको छ। सोही अधिकारको प्रयोग गर्दै तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनले बाधा अड्चन गरिरहेको नेपाल रत्न स्कुलका विद्यालय सञ्चालक समितिका सदस्यको आरोप छ। मेयर महर्जनले विद्यालयको अनुमति रोक्नुमा आफ्नै लगानीमा रहेको रोजमेरी बोर्डिङ स्कुलको विद्यालय घट्ने आशंकामा रोकेको ती सञ्चालक सदस्यको भनाइ छ।

तारकेश्वर-८ का वडा अध्यक्ष श्यामकृष्ण सापकोटा, नगरपालिकाका शिक्षा विभाग प्रमुख पदमबहादुर खत्रीको उपस्थितिमा २०७९ पुसमा बसेको व्यवस्थापन समितिको बैठकले स्कुललाई कक्षा ९ सञ्चालन गर्न दिने सहमति गरेको थियो। विद्यालयमा विद्यार्थी भर्ना भएपछि स्कुललाई कक्षा ९ सञ्चालन नगर्न २५ चैत २०८० मा नगरपालिकाले निर्देशन दिएको थियो।

नगरपालिकाको निर्देशनविरुद्ध नेपालरत्न स्कुल सर्वोच्च पुगेको थियो। नगरपालिकाले बालबालिकाको पठनपाठनमै अवरोध सिर्जना गर्ने अबस्था देखेपछि नेपालरत्न विद्यालयले नगरपालिकालाई विपक्षी बनाएर सर्वोच्च निवेदन दर्ता गरायो।

सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले ३० वैशाख २०८१ मा मुद्दाको किनारा नलागेसम्म विद्यालयको पठनपाठन नरोक्न अन्तरिम आदेश दिएको थियो।

सर्वोच्चले आदेशमा भनेको छ- 'विद्यालयमा अध्ययनरत विद्यार्थीको शिक्षाको पहुँचको सुनिश्चितता र बालबालिकाको शिक्षा भविष्यसँग जोडिएको विषय समाहित हुँदा निवेदनको निर्णय हुँदा ठहरेबमोजिम हुने नै हुँदा सुविधा सन्तुलनको दृष्टिले प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म तारकेश्वर नपाको कार्यालयबाट २५ चैत ०८० चनं १९७ को पत्र कार्यान्वयन नगर्नं-नगराउनू।'

### दोषी ठहर भए हुन सक्छ, 'एक वर्षसम्म कैद वा दस हजार जरिमाना'

न्याय प्रशासन ऐन-२०७३ को दफा १७ मा अदालतको अवहेलना गरेको अदालतले ठहर गरेमा एक वर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्ने व्यवस्था छ।

न्याय प्रशासन ऐन-२०७३ को दफा १७ मा अदालतको अवहेलनासम्बन्धी व्यवस्था छ। दफा १७ मा अदालतको अवहेलनामा कारबाही चलाउने व्यवस्था गरिएको छ : (१) सर्वोच्च अदालतले आफ्नो र उच्च अदालत वा जिल्ला अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ।

यदि महर्जनले अदालतको अवहेलना गरेको ठहरियो भने उनलाई कैद र जरिमाना दुवै हुन सक्छ। त्यस्तो अवस्थामा उनको पदसमेत धरापमा पर्न सक्ने अवस्था आउन सक्छ। यस्तो व्यवस्था सो ऐनको उपदफा ४ मा गरिएको छ। 'अदालतको अवहेलना गरेको ठहरेमा सम्बन्धित अदालतले कसुरदारलाई एक वर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ,' उपदफा ४ मा भनिएको छ।

# लक्ष्मी सन्‌राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति पूनः लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/११/२८)**

यस बैंक (साविक लक्ष्मी/सन्‌राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिका धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/१२/०६ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी तथा धितो जमानीकर्ताको विवरण:**

**शाखा कार्यालयः डुम्रे, तनहूँ**

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय तनहुँमा दर्ता नं. ८५८/०४९/०५० मिति २०४९/०४/२१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय दमौली, तनहुँ, पान नं. ३०११०५७४३ भएको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, डुम्रे स्थित **शुभकामना ग्रिल उद्योग।**

**प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानीकर्ताः** बहादुरे कार्कीको नाति, विष्णु बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, वरभञ्ज्याङ न.पा./गा.पा. वडा नं. ८ भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **अमृत बहादुर कार्की** (ना.प्र.नं. १५४९ जि.प्र.का. तनहुँ जारी मिति २०४४/०८/०२)।

**धितो तथा व्यक्तिगत जमानतकर्ता : *** विष्णु बहादुर कार्कीको बुहारी, अमृत बहादुर कार्कीको पत्नी, तनहुँ जिल्ला, वरभञ्ज्याङ न.पा./गा.पा. वडा नं. ८ भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **चन्द्रकला कार्की** (ना.प्र.नं. ४८८८३, जि.प्र.का. तनहुँ, जारी मिति २०५८/०५/२२)।

**व्यक्तिगत जमानतकर्ताहरु :***

क. विष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हेमन्त कार्की** (ना.प्र.नं. ४३१०२६/२०८ जि.प्र.का. तनहुँ, जारी मिति २०६८/०३/१३)।

ख. विष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हिमाल कार्की** (ना.प्र.नं. ४३१०२६/४०६ जि.प्र.का. तनहुँ जारी मिति २०६९/०४/३०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **प्रोप्राइटर तथा धितो जमानतकर्ता अमृत बहादुर कार्की**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, नावरुङ गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सीट नं. ६ क स्थित कित्ता नं. ७१७, ३५०, २४८, ३७४ र ४९४ को क्षेत्रफल क्रमशः १-३-२-०, २-०-०-० १-१४-०-२, १-१०-०-१ र १-०-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **धितो जमानतकर्ता चन्द्रकला कार्की**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स./न.पा. वडा नं.१, नक्सा सीट नं. १ क स्थित कित्ता नं. ११३०, ११३२, ६७८ को क्षेत्रफल क्रमशः ०-०-२-३, ०-०-२-३, ०-०-०-२ (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालयः चावहिल, काठमाडौं (उल्लेखित सम्पत्तिको लिलाम सम्बन्धीको सम्पूर्ण कार्य बैंकको शाखा कार्यालय प्रिति रामेछापबाट गरिनेछ।)**

**१. ऋणी तथा व्यक्तिगत जमानीतकर्ताः** वुम्बा तामाङको बुहारी, बृष बहादुर तामाङको पत्नी, रामेछाप जिल्ला प्रिति न.पा./गा.पा. वडा नं. २ भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ४ बस्ने **अनीमाया तामाङ** (ना.प्र.नं. २१३००६/५३१ जि.प्र.का रामेछाप जारी मिति २०६३/११/१२)

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** सार्की दोर्जे तामाङको नाति, वुम्बा तामाङको छोरा, रामेछाप जिल्ला प्रिति न.पा./गा.पा. वडा नं. २ भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ४ बस्ने **बृष बहादुर तामाङ** (ना.प्र.नं. ३४५९६ जि.प्र.का रामेछाप जारी मिति २०५३/०९/०९)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता बृष बहादुर तामाङ**को नाममा मालपोत कार्यालय रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला प्रिति गा.वि.स/न.पा वडा नं.२, नक्सा सीट नं. २घ स्थित कित्ता नं. २८०, २८४, २८८ र २९१ को क्षेत्रफल क्रमशः १-४-३-०, १-१५-३-२, २-०-०-३ र ०-१४-१-२ (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालयः कुपन्डोल, ललितपुर**

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दर्ता नं. १२०७४६/०७१/७२ मिति २०७१/१०/२२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय काठमाडौं पान नं. ६०२९८५४८६ भएको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३४, स्थित **मुन स्टार इन्टरप्राइजेज।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरणः** जगन्नाथ सा कानुको नाती, चन्देश्वर प्रसाद गुप्ताको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०१ बस्ने **प्रदिप गुप्ता** (ना.प्र.नं. ३३१०३३/९२४९ जि.प्र.का बारा जारी मिति २०६५/०७/२१)

**व्यक्तिगत तथा धितो जमानतकर्ता :*** जगन्नाथ सा कानुको नाती, चन्देश्वर प्रसाद गुप्ताको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०१ बस्ने **अमित कुमार गुप्ता** (ना.प्र.नं. १२४६ जि.प्र.का बारा, कलैया जारी मिति २०५६/०३/३१ )

**व्यक्तिगत जमानतकर्ताहरु : ***

क) धनपथ सा कानुको नाति, जगन्नाथ सा कानुको छोरा, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०१ बस्ने **चन्देश्वर प्रसाद गुप्ता** (ना.प्र.नं.१७७६/१७६० जि.प्र.का बारा जारी मिति २०४१/०८/२९)

ख) जगन्नाथ साह कानुको बुहारी, चन्देश्वर प्रसाद गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानिपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ बस्ने **तारा देवि कानु** (ना.प्र.नं.२३२२/२०६१/६३४ जि.प्र.का बारा जारी मिति २०४८/०८/०३)

ग) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, अमित कुमार गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानीपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०१ बस्ने **गुडिया कुमारी गुप्ता** (ना.प्र.नं. ३३१०३३/४८४९ जि.प्र.का बारा जारी मिति २०७०/०८/०९)

घ) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, प्रदिप गुप्ताको पत्नी, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भइ हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०१ बस्ने **राधा कुमारी गुप्ता** (ना.प्र.नं. ३३-०१-७६-०१०७७ जि.प्र.का बारा जारी मिति २०७६/०१/२३ )

**लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

१. **धितो जमानतकर्ता अमित कुमार गुप्ता**को नाममा मालपोत कार्यालय कलकीं काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक गा.वि.स/न.पा वडा नं.२, नक्सा सीट नं. २ग स्थित कित्ता नं. ७७९, ७८१ र ७७७ को क्षेत्रफल क्रमश १३१.१४, ३.९८ र २३.८५ व.मि.को जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

**(मिति २०८१/०७/२७ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा सम्पत्ति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित भएको)**

**ऋणी तथा धितो जमानीकर्ताको विवरण:**

**शाखा कार्यालयः सुखड, कैलाली**

**१.ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा दर्ता नं. २४६८७/०७४/७५, मिति २०७४/०७/२१ मा रजिष्टर्ड दर्ता भएको आन्तरिक राजश्व कार्यालय, धनगढी, पान नं. ६०३७२५२२१ भएको कैलाली जिल्ला, घोडाघोडी वडा नं. २ स्थित श्री **जगदिश शिखा ट्रेडर्स।**

**प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानतकर्ता :** फुलराम चौधरीको नाति, आईतवारी चौधरीको छोरा, कैलाली जिल्ला, साडेपानी गा.वि.स. वडा नं. ९ भई हाल घोडाघोडी न.पा. वडा नं. २ बस्ने **जगदिश चौधरी** (ना.प्र.नं. ६७३००५/१७३७, जि.प्र.का. कैलाली, जारी मिति २०६३/१०/१८)।

**व्यक्तिगत जमानतकर्ता :*** आईतवारी चौधरीको बुहारी, जगदिश चौधरीको पत्नी, कैलाली जिल्ला, दुगौलि गा.वि.स. वडा नं. ७ भई हाल घोडाघोडी न.पा. वडा नं. २ बस्ने सिता कुमारी चौधरी (ना.प्र.नं. ६७२०४१/१५१, जि.प्र.का. कैलाली, जारी मिति २०६३/१२/३०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **प्रोप्राइटर तथा धितो जमानतकर्ता जगदिश चौधरी**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, सांढेपानी गा.वि.स. वडा न ५ (हाल घोडाघोडी न.पा. वडा नं. २) स्थित कित्ता नं. ९७६ को क्षेत्रफल ६७७.२८ ब.मि. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **प्रोप्राइटर तथा धितो जमानतकर्ता जगदिश चौधरी**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, सांडेपानी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९झ (हाल घोडाघोडी न.पा. वडा नं. १) स्थित कित्ता नं. १२ को क्षेत्रफल १६९५ ब.मि. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| क्र.सं. | ऋणीको नामथर | फोटो | साविक/स्थाई/हालको ठेगाना | बाँकी ऋणको बिवरण मिति २०८१ माघ मसान्त सम्मको | | |
|---|---|---|---|---|---|---|
| | | | | साँवा | ब्याज | जम्मा |
| १ | **सचिन भण्डारी**<br>बाबु: अर्जुन ब. भण्डारी<br>बाजे: मान ब. भण्डारी |  | सिन्धुपाल्चोक जेठल-७ ठूलोचौर घर भै हाल मध्यपुर ठिमी न.पा.-१६ लोकन्थली। | २०,००,००० | १०,३३,४२४ | **३०,३३,४२४/-** |
| २ | **कमला घर्ति क्षेत्री भण्डारी**<br>पति: सचिन भण्डारी<br>बाबु: सनक ब. घर्ति<br>बाजे: बम ब. घर्ति क्षेत्री |  | सिन्धुपाल्चोक जेठल-७ ठूलोचौर (ठोकर्पा ८ सिम्ले समेत) घर भै हाल मध्यपुर ठिमी न.पा.-१६ लोकन्थली। | ३०,००,००० | १७,५२,३२९ | **४७,५२,३२९/-** |

धितो लिलाम बढाबढ हुने अघिल्लो दिन सम्मको थप ब्याज लाग्ने छ।

**उपरोक्त दुवै ऋण बापतको लिलामी हुने धितोको विवरण :**
मालपोत कार्यालय भक्तपुरमा कमला घर्ति क्षेत्रीका नाममा दर्ता रहेको, मध्यपुर ठिमी न.पा. वडा नं.-१६ सि.नं. १०२-११८८-१९ कि नं. ४३९ क्षे.फ. १२०.५० बर्ग मिटर भएको जग्गा तथा सो मा बनेको घर समेत।

**धितो लिलिाम हुने मिति र समय : २०८२/०१/०४ गते बिहिबार कार्यालय समय भित्र।**
**स्थान : संस्थाको कार्यालय, नयाँ बानेश्वर, शंखमुल मार्ग, काठमाण्डौ।**

उल्लेखित धितो घर जग्गा लिलाम बढाबढमा लिन चाहने महानुभावहरुले धितो लिलामी हुने दिन उपस्थीत भई लिलाम बढाबढमा भाग लिनुहुंन अनुरोध छ। उल्लेखित धितो घर जग्गा लिलाम बढाबढ हुने दिन धितो दिने ऋणी सदस्यलाई उपस्थीतीका लागी यसै सूचना द्वारा जानकारी गराईन्छ। ऋणी सदस्य उपस्थीत नभएमा पनि धितो लिलाम बढाबढ कार्यमा कुनै बाधा पर्ने छैन।

**शुभ मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
नयाँ बानेश्वर, शंखमुल मार्ग, काठमाण्डौ, फोन: ०१-४७९२५९९

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय कमलादी, काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/११/२८ गते बुधबारको राजधानी राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)बाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/११/२६ गते शुक्रबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८०/०४/२५ गते बिहिबारका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८०/०६/०९ गते मंगलबार, नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती आँशिक धितो मात्र लिलाम विक्री भई सम्पूर्ण धितो वापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८०/०८/२१ गते विहिबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती आँशिक धितो मात्र लिलाम विक्री भई सम्पूर्ण धितो वापतको सम्पत्ति लिलाम विक्री हुन नसकेको हुँदा मिति २०८०/१०/२५ गते विहिबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती आँशिक धितो मात्र लिलाम विक्री भई सम्पूर्ण धितो वापतको सम्पत्ति लिलाम विक्री हुन नसकेको हुँदा मिति २०८१/०२/१७ गते बिहिबार, अन्नपूर्ण पोष्ट् राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेको हुँदा मिति २०८१/०४/१० गते बिहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती आँशिक धितो मात्र लिलाम विक्री भई सम्पूर्ण धितो वापतको सम्पत्ति लिलाम विक्री हुन नसकेको हुँदा कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती मध्ये कुन सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहलमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/१२/०६ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौंमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०२/०३ मा **दर्ता नं.** १४९३९२/०७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, विराटनगर मोरङ्गबाट मिति २०७३/०२/०६ (मु.अ.क. दर्ता मिति २०७३/०२/०७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४२६०४४८ को प्रमाणपत्र प्राप्त **भुमि इन्फ्रास्टक्चर प्रा.लि.।**
**रजिष्टर्ड ठेगाना :** मोरङ्ग जिल्ला, बिराटनगर उप.म.न.पा. वडा नं. ३, (हाल विराटनगर म.न.पा. वडा नं. २) मुनालपथ।

| सञ्चालक तथा जमानतकर्ता : भावेश बोहरा | जमानतकर्ता : कृष्ण कुमार वोहोरा |
|---|---|
| (ना.प्र.नः ०५-०१-६९-००७८६ जारी मिति २०६९/०१/०७ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)।<br>ठेगाना : मोरङ्ग जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ (हाल कटहरी गा.पा. वडा नं. ३)<br>बाबु : कृष्ण कुमार वोहोरा। बाजे : दिन दयाल वोहरा। | (ना.प्र.नं. ०५।१६९२० जारी मिति २०४७-०५-२८ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)।<br>ठेगाना : मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ (हाल कटहरी गा.पा .वडा नं. ३)।<br>बाबु : दिन दयाल वोहरा। बाजेः मेहर चन्द वोहरा। |

**२. ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/२२ मा **दर्ता नं.** २६७०९६/०७८/०७९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, टंगाल, काठमाण्डौबाट मिति २०७८/०४/२५ (मु.अ.क. दर्ता मिति २०७८/०४/२५) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००४७८११ को प्रमाणपत्र प्राप्त **भुमि बिजनेश लिङ्क प्रा.लि.।**
**रजिष्टर्ड ठेगाना :** काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ४, बालुवाटार।

| सञ्चालक तथा जमानतकर्ता : भावेश बोहरा | जमानतकर्ता : कृष्ण कुमार वोहोरा |
|---|---|
| (ना.प्र.नः ०५-०१-६९-००७८६ जारी मिति २०६९/०१/०७ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)।<br>ठेगाना : मोरङ्ग जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ (हाल कटहरी गा.पा. वडा नं. ३)<br>बाबु : कृष्ण कुमार वोहोरा। बाजे : दिन दयाल वोहरा। | (ना.प्र.नं. ०५।१६९२० जारी मिति २०४७-०५-२८ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)।<br>ठेगाना : मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ (हाल कटहरी गा.पा .वडा नं. ३)।<br>बाबु : दिन दयाल वोहरा। बाजेः मेहर चन्द वोहरा। |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

**क)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, जतुवा कठकुप्पा, गा.वि.स., वडा नं ३, नक्सा सिट नं.३/ङ स्थित कि.नं. ३७२ र ३७४ को क्षेत्रफल ०-५-०-० (बिघा) (१६९३.१५ ब.मी.) र ०-४-०-० (बिघा) (१३५४.५२ ब.मी.) को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत............................१

**ख)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमामा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, सोराभाग गा.वि.स वडा नं २, नक्सा सिट नं.१७८०७१३२, स्थित कि.नं. २५०, २५२, २५३, २४४, २४६, २४५, २४७, २१२, २८१, २८९, २९३ र २९४ को क्षेत्रफल क्रमशः २४.००, ७२६.००, ८७०.२५, ५९६.२६, ८१.००, ५३८.७४, २१४.००, २१.००, ५२७.३७, ८८.८४, १५२.०० र ४६५.७० ब.मि को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ..................................................१

**ग)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, कन्चनवारी गा.वि.स. वडा नं ८, नक्सा सि.नं. ८ स्थित कि.नं. ३६६६ को क्षेत्रफल ०-०-१५-० बिघा (२५३.९५ ब.मि.) को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत .............१

**घ)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, बखरी गा.वि.स. वडा नं ६, नक्सा सिट नं.६/ख, स्थित कि.नं.२८५७ को क्षेत्रफल ०-१-०-० बिघा (३३८.६३ ब.मि.)को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत.................१

**ङ)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं १, नक्सा सिट नं.१/ख, स्थित कि.नं.१५७७ को क्षेत्रफल ०-०-१०-० बिघा (१६९.३० ब.मि.) को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत.........................१

**च)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं ६, नक्सा सि.नं. ६ स्थित कि.नं. ५२१७ र ५२१८ को क्षेत्रफल ०-०-१०-० बिघा (१६९.३० ब.मि.) र ०-०-१०-० बिघा (१६९.३० ब.मि.) को जग्गा र उक्त जग्गाले चर्चेको चर्चेने सम्पूर्ण लिग लगापात समेत ..........................१

**छ)** भावेश वोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं १ नक्सा सिट नं.१/ग स्थित कि.न. क्रमशः ४८०, २६०२, २५५७, २६१० र २६१६ को क्षेत्रफल क्रमशः ०-०-७-२ बिघा (१२६.९७ब.मि.), ०-१-३-० बिघा(३८९.४२ ब.मि.), ०-०-०-३ बिघा(१२.६९ ब.मि.), ०-०-१३-२ बिघा(२२८.५५ ब.मि.) र ०-१-२-१ बिघा(३७६.७२ ब.मि.) को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ...............................१

**ज)** ऋणी भुमि इन्फ्रास्टक्चर प्रा. लि. को नाममा मालपोत कार्यालय बिराटनगर मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्गं जिल्ला, भाथिगछ गा.वि.स./न.पा. वडा नं ३ नक्सा सिट नं. १७८०८२७ स्थित कि.नं. ७७ को क्षेत्रफल ९३.०० ब.मि. तथा ऐ.ऐ.नक्सा सिट नं. १७८०८२६ स्थित कि. नं. ५३० को क्षेत्रफल १४,८२१.८५ ब.मि. जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ................१

**झ)** ऋणी भुमि इन्फ्रास्टक्चर प्रा. लि. र भुमि बिजनेश लिङ्क प्रा.लि.को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत ......१

**नोट :** धनी प्रभु बैंक लिमिटेड (साविक सेञ्चुरी कमर्सियल बैक लि.) र ऋणी भुमि इन्फ्रास्टक्चर प्रा.लि.भई धितो बापत यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैक लि.) को नाममा दर्ता रहेका निम्नानुसारको सवारी साधन तथा Construction Equipment हरु बैंकलाई बुझाउनु हुनसमेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | मोडल | इन्जिन नम्बर | च्यासिस नम्बर | सवारी दर्ता नं. |
|---|---|---|---|---|
| १ | DYNAPAC SOIL COMPACTOR CA305D | 4H3305/2020124 | 10300184ELE010177 *1020 | Pra 3- 01-003 KA-7018 |
| २ | DYNAPAC SOIL COMPACTOR CA305D | 4H3305/2020119 | 10300184CLE010172*1020 | Pra 3- 01-003 KA-7017 |
| ३ | Shantui Motors Grader SG14 | 82223222 | CHAG14AALM1000414 | Bagmati Pradesh - 01-003 KA-8496 |
| ४ | Liugong Excavator CLG 922 | 90032978 | LGC922DCZ01700243 | BA 3 KA 282 |
| ५ | Tata Pickup XENON_YODHA _4*4 | 4SPCR10BXX604611 | MAT546174NSR03245 | PRA-01 027 CHA 3957 |

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

श्रम तथा रोजगार सम्मेलन सम्पन्न

# १६ बुँदे काठमाडौं घोषणापत्र जारी

**राजधानी समाचारदाता**
काठमाडौं, २७ फागुन



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा विभिन्न सरोकारवाला संस्थासँगको सहकार्यमा काठमाडौंमा आयोजित पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन विभिन्न १६ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। आन्तरिक रोजगारी सिर्जनालाई तीव्रता दिन घोषित आन्तरिक रोजगार प्रवर्धन दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्यसहित मंगलबार सम्मेलन समापनको क्रममा काठमाडौं घोषणापत्र जारी भएको हो। सोमबारदेखि सुरु भएको दुईदिने सम्मेलनमा सहभागी सरकारी निकायका प्रमुखहरू, रोजगारदाता, ट्रेड युनियन र अन्तर्राष्ट्रिय संस्थाहरू सहभागी सम्मेलनले काठमाडौं घोषणापत्र जारी हो। सम्मेलन समापनका कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र श्रम, तथा रोजगार मन्त्रालयका सचिव कृष्णहरि पुष्कर कर्णले रोजगार प्रवर्धन दशकको कार्यान्वयनका लागि आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गरिने बताएका थिए। दुई दिन विभिन्न सत्रमा सम्पन्न भएको सो सम्मेलनमा सहभागी सरोकारवालाले वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको ज्ञान, सीप र पुँजीलाई परिचालन गर्न उद्यमशीलतासँग जोडेर उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिएका थिए। गैरआवासीय नेपाली संघका अध्यक्ष बद्री केसीले विदेशमा बस्ने नेपालीले कमाएको ६५ खर्बमध्ये १४ अर्ब मात्रै नेपालमा आइरहेको बताए। सूचना प्रविधिको विकासमा नेपालको सम्भावना र रोजगारी सिर्जना' मा सहभागी वक्ताहरूले यस्तो बताएका हुन्। पहिला आईटीले जागिर खोस्छ भन्ने गरिएकामा अहिले एआईले जागिर खोस्छ भन्ने भ्रम रहेको उनीहरूको भनाइ थियो।

इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकका प्राध्यापक शशिधर राम जोशीले ४० वर्षअघि आईटी प्रयोगपछि रोजगार घट्छ भन्ने भ्रम रहेको बताए। सो सम्मेलनमा आईएलओका वरिष्ठ कार्यक्रम अधिकृत सलोमन राजवंशी र जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले सुझावसहित आ-आफ्ना धारणा राखेका थिए। दोस्रो दिनको पहिलो सत्रमा श्रम आप्रवासन व्यवस्थापनका विविध आयामहरूका बारेमा आप्रवासनविज्ञ डा. जीवन बानियाँको सेसनमा अनुसन्धानकर्ता डा. रामनारायण श्रेष्ठ, ब्रुनेल विश्वविद्यालय बेलायतका अध्यापक डा. आयुष्मान भगत, पूर्वराजदूत डा. शर्मिला पराजुली ढकाल, जेटियुसिसीका सीता लामा र वैदेशिक रोजगार व्यावसायी संघका प्रथम उपाध्यक्ष डिगबहादुर खत्रीले आआफ्ना धारणा राखेका थिए।

यसैगरी वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोग विषयक छलफलमा श्रम आप्रवासनविज्ञ डा. गणेश गुरुङको सेसनमा आप्रवासन विज्ञ मदुसिखा लन्साकारा, गैरआवासीय नेपाली संघका अध्यक्ष केसी, एसएआरटीयूसीका महासचिव लक्ष्मण बस्नेत र मुक्तिनाथ विकास बैंकका कार्यकारी प्रमुख प्रद्युम्न पोखरेललगायतले आआफ्ना धारणा राखेका थिए। सो सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र निजी क्षेत्रका रोजगारदाता संस्थाहरूबीच रोजगार सिर्जना र तालिम प्रदानका लागि १० वटा समझदारीपत्रमा हस्ताक्षर भएको श्रम मन्त्रालयले जनाएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र श्रम सचिव कृष्णहरि पुष्करको उपस्थितिमा समझदारीपत्रहरूमा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ। सो सम्मेलनमा राष्ट्रिय सीप विकास प्रतिष्ठान र विभिन्न रोजगारदाता संस्थाका प्रतिनिधिबीच तालिम सञ्चालनसम्बन्धी समझदारीमा हस्ताक्षर भएको हो। यसैगरी, प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि स्वीस एजेन्सीबीच पनि समझदारीपत्रमा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ।

# मुक्तिनाथ विकास बैंकद्वारा साक्षरता कार्यक्रम सम्पन्न

**काठमाडौं/रास–** मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत फागुन महिनामा सातै प्रदेशको विभिन्न स्थानका जनसमुदायमाझ बृहत् वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको जनाएको छ। सो कार्यक्रम विशेषगरी कृषक, उद्यमी, महिला तथा युवालाई लक्षित गरी आयोजना भएको थियो।

कार्यक्रमअन्तर्गत व्यावसायिक योजनाको तयारी, बजारीकरणको सम्भावना, बजार व्यवस्थापनका रणनीति, व्यक्तिगत बजेट, पारिवारिक बजेट, आम्दानी खर्चको सन्तुलन, नगद प्रवाह, बचत परिचालन, कर्जा परिचालन, बिमा, विप्रेषण, डिजिटल बैंकिङ सेवाहरू, डिजिटल माध्यमबाट हुन सक्ने रकम अपचलन, ग्राहकको अधिकारलगायतका विषयवस्तु समेटिएको थियो।

बृहत् वित्तीय साक्षरता कार्यक्रममा सहभागीले यस्ता किसिमका कार्यक्रमले आफूमा भएका दुविधा हट्ने र भविष्यमा आइपर्ने जोखिमलाई समयमा नै व्यवस्थापन गर्न सहजीकरण हुने आसय व्यक्त गरेका थिए। बैंकले आर्थिक, सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै यस किसिमका कार्यक्रम विगतमा पनि सञ्चालन गर्दै आएको र आगामी दिनमा यसलाई निरन्तरता दिने सो बैंकले जनाएको छ।

यस किसिमको कार्यक्रमले जनमानसको बैंक वित्तीय संस्थाप्रतिको नकारात्मक धारण हट्ने र वास्तविक सूचना जनसमुदायमाझ पुग्ने भएकाले यसको सकारात्मक प्रभावकारिता रहेको सो बैंकको धारणा छ। बैंकले हालै मोबाइल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप सञ्चालनमा ल्याएको जनाएको छ।

यसैगरी, मोबाईल बैंकिङ, क्यूआर कोड स्क्यान, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामा रेमिट्यान्स जम्मा गर्नेजस्ता कार्यहरू बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको सो बैंकले जनाएको छ।

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री मैता घलेको नाती, श्री नमबर घलेको छोरा स्थाइ ठेगाना जिल्ला नुवाकोट साल्मे गा.वि.स. वडा नं. ८, भई हाल किस्पाङ गाउँपालिका वडा नं. ४, नुवाकोट बस्ने श्री टासि घलेको मिति २०८१/०८/२६ का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको सानिमा सम्पन्न बचत खाता नं. ०५९०११०५००००२८५ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमती श्री शान्ति घले मिति २०८१/११/२० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक
www.sanimabank.com
किस्पाङ शाखा, नुवाकोट, फोन नं. ९८१८८१८८४२/९८१८८१८८५०

**साउदी अरेबीयामा रोजगारी**
कम्पनी: IMDAD ENERGY PROJECTS COMPANY LIMITED
Pre Approval Date: 2025/03/11 Chalani No. 60234326 LOT No. 320217 City: Alkhobar

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 2 | 0 | 1200 | ४४,६४८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८१/१२/०६ (19 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Govt Lice. No. 510/061/062
JBR ASSOCIATES PVT. LTD.
Kalimatidol-9, Sinamangal Kathamandu, Nepal
Ph. No.: 01-4478614, 4478115, Email: info@jbrassociate.com, jbrassociatesktm@gmail.com

## माछापुच्छ्रे बैंकको जोय स्टोरमा छुट

**काठमाडौं/रास–** माछापुच्छ्रे बैंक लिमिटेड र जोय स्टोरबीच आईफोन निर्माता कम्पनी एप्पलका उत्पादन खरिद-बिक्री सम्बन्धमा छुट दिनेबारे सम्झौता भएको छ।

सो सम्झौतापत्रमा माछापुच्छ्रे बैंकका तर्फबाट शाखा कार्यालय न्युरोडका प्रमुख निशेष केसी र जोय स्टोरका तर्फबाट कम्पनीका प्रबन्ध निर्देशक गुरुदत्त शर्माले हस्ताक्षर गरेका हुन्।

## 'एमबीएल इक्विटी फन्ड'को आवेदन समय थप

**काठमाडौं/रास–** 'एमबीएल इक्विटी फन्ड' मा आवेदन दिने समय लम्बिएको छ।

सो फन्डको एकाइ खरिदका लागि निष्कासन अवधि लम्बिएको हुनाले, अब ढिलोमा ७ चैतसम्म आवेदन दिन सकिनेछ।

माछापुच्छ्रे क्यापिटलले गत २२ फागुनदेखि म्युचुअल फन्ड योजना बिक्री खुला गरेको हो। माछापुच्छ्रे क्यापिटलको व्यवस्थापनमा सञ्चालन हुन लागेको 'एमबीएल इक्विटी फन्ड'ले १२ करोड एकाइ बिक्री खुला गरेको हो।

यसले प्रतिएकाइ १० रुपैयाँको दरले १ अर्ब २० करोड रुपैयाँबराबरको एकाइ जारी गरेको छ। कुल योजनाको आकारमध्ये १४ प्रतिशत एकाइ माछापुच्छ्रे बैंक तथा १ प्रतिशत एकाइ माछापुच्छ्रे क्यापिटलले खरिद गर्नेछन्।

बाँकी रहेको १ सय २ करोड रुपैयाँबराबरको १० करोड २० लाख एकाइ सार्वजनिक निष्कासन भएको हो।

**बौदीकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डेढगाउँ, नवलपरासी (ब.सु.पू)**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८१/११/२८)**

बौदीकाली गाउँपालिकाबाट मिति २०८१।१०।२१ गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रहरुसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोटका लागि सिफारिस भएको बोलपत्रदाता | कवोल रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS-04/2081/82 | Construction of Mithukaram Health Post | Sarbashrestha Construction and Suppliers Pvt.Ltd. | 26,16,795.00 | |

प्रमुख प्रशासकीय अधिकृत

**बागमती प्रदेश सरकार**
**कृषि विकास निर्देशनालय**
**हेटौंडा, मकवानपुर**

**समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८१/११/२८)**

कृषि विकास निर्देशनालयको गत आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम "समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम" कार्यान्वयनका लागि छनौट गरिएका र यस आ.व. मा सम्बन्धित कृषि विकास कार्यालयहरु मार्फत कार्यान्वयनमा लगिएका ४० वडा र कृषि बालीहरु मध्ये ६ वटा स्थानीय तह/वडाहरुसँग कार्यक्रम कार्यान्वयन प्रकृया अघि नबढेको कारण मिति २०८१/११/२७ गते बसेको निर्देशक समितिको बैठकको निर्णय अनुसार कार्यान्वयन हुन नसकेका ६ वटा वडा/बालीहरुको प्रतिस्थापनका निमित्त कार्यक्रम संचालन गर्न इच्छुक बागमती प्रदेशभित्रका स्थानीय तहहरुलाई कार्यपालिकाको बैठकको निर्णयबाट लागत साझेदारी गर्ने प्रतिबद्धता सहित स्थानीय तहको एक वडा र उक्त वडामा सबैभन्दा उपयुक्त १ कृषि बाली छनौट गरी यस निर्देशनालयमा यो सूचना प्रकाशन भएको ३० दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरीएको छ। प्रस्ताव निर्देशनालयको इमेल ठेगाना addhetaudap3@gmail.com बाट समेत पेश गर्न सकिने छ।

**नोटः** थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६/९८५५०८६३६१ मा सम्पर्क राख्नु हुन तथा कार्यविधि सम्बन्धी जानकारी निर्देशनालयको वेभसाइट https://doad.bagamati.gov.np/ वा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट http://molmac.bagamati.gov.np बाट लिन सक्नु हुनेछ।

**निर्देशक**

बागमती प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
मन्थली, रामेछाप

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/२८ गते।

यस कार्यालयको मिति २०८१/१०/१८ मा नेपाल समाचारपत्र पत्रिकामा ठेक्का आह्वान गरिएकोमा उल्लेखित आयोजनाका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|---|
| १. | (IDO/RMC/W/NCB/08/081-82) | Maintenance of Sitkha Bhirpani Goganpani Bhadaure Deurali Sadak (0+000 to 4+500), Khandadevi RM | M/S Waiba Nirman Sewa Khadadevi-08, | 2,570,741.09 |
| २. | (IDO/RMC/W/NCB/09/081-82) | Maintenance of Sitkha Bhirpani Goganpani Bhadaure Deurali Sadak (4+500to 6+500), Khandadevi RM | M/S Rcon Builder Pvt. Ltd. Chandragiri, Kathmandu | 1,441,653.50 |
| ३. | (IDO/RMC/W/NCB/10/081-82) | Maintenance of Sitkha Bhirpani Goganpani Bhadaure Deurali Sadak (6+500 to 9+000), Khandadevi RM | M/S Nisudha Enterprise & Suppliers Ramechhap Mun. | 2,363,732.95 |
| ४. | (IDO/RMC/W/NCB/11/081-82) | Upgrading Works of Sanitar Adhyan Kendra Hudai Barmatisadak Strounati, Manthali | M/S Yahoba Builder Pvt. Ltd. Manthali-01 | 1,908,981.70 |

कार्यालय प्रमुख

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मिति २०८१/११/२८ गतेको राजधानी राष्ट्रिय दैनिक)**

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तपसिलको शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनपर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको एवं मिति २०८१/०६/३० गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी फाइनान्सको नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने सो खुलाई इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहि आफूले कबुल गरेको रकमको १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समय भित्र यस फाइनान्समा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सो को लगतै फाइनान्स खुलेको दिन) फाइनान्सको केन्द्रीय कार्यालय, तिनकुने, काठमाण्डौमा दिउसोको ठीक २:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा फाइनान्स आफैँले सकार गरि लिने समेत सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस फाइनान्समा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक एवं सम्बद्ध सबैलाई नियम अनुसार कालो सूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र फाइनान्समा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

**तपसिल :**

| ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| **१. क) ऋणीको नामः लाल बहादुर बोहरा क्षेत्री**<br>बाबुको नाम : खेम बहादुर बोहरा क्षेत्री<br>बाजेको नाम : पर्सा बहादुर बोहरा क्षेत्री<br>स्थायी ठेगाना : हेटौंडा न.पा.-०५, मकवानपुर<br>ना.प्र.नं.- २९३८९<br>जारी मितिः २०५१/०३/०१, जारी जिल्लाः मकवानपुर<br><br>**ख) ऋणीको नामः राहुल स्टोर**<br>स्थायी ठेगाना : हेटौंडा उ.म.न.पा.-०५, मकवानपुर<br>दर्ता नं : २०४८/१०३९/०७६/०७७,<br>दर्ता मितिः २०७६/०८/११<br>पान नं : ६१२५३०१८८<br>प्रोप्राइटरको नामः भगवति बोहरा क्षेत्री<br><br>**कर्जा शिर्षक : क) ब्यक्तिगत आवधिक कर्जा**<br>**ख) महिला उद्यमशिल कर्जा**<br>**शाखा कार्यालय :** हेटौंडा | **क) नामः राहुल बोहरा क्षेत्री**<br>बाबुको नाम : लाल बहादुर बोहरा क्षेत्री<br>बाजेको नाम : खेम बहादुर बोहरा क्षेत्री<br>ठेगाना : हेटौंडा उ.म.न.पा.-०५, मकवानपुर<br>ना.प्र.नं.: ३१-०१-७२-०८३३१<br>जारी मितिः २०७२/१०/१८, जारी जिल्लाः मकवानपुर<br><br>**ख) नामः भगवति बोहरा क्षेत्री**<br>बाबुको नामः हेम बहादुर खड्का<br>पतिको नामः लाल बहादुर बोहरा क्षेत्री<br>ससुराको नामः खेम बहादुर बोहरा क्षेत्री<br>ठेगानाः हेटौंडा न.पा.-०५, मकवानपुर<br>ना.प्र.नं.: २१/३५४<br>जारी मितिः २०५५/०१/०८, जारी जिल्लाः मकवानपुर<br><br>**ग) नामः लाल बहादुर बोहरा क्षेत्री**<br>बाबुको नाम : खेम बहादुर बोहरा क्षेत्री<br>बाजेको नाम : पर्सा बहादुर बोहरा क्षेत्री<br>ठेगाना : हेटौंडा न.पा.-०५, मकवानपुर<br>ना.प्र.नं.: २९३८९<br>जारी मितिः २०५१/०३/०१, जारी जिल्लाः मकवानपुर |

***नोटः ऋणी लाल बहादुर बोहरा क्षेत्रीको ब्यक्तिगत आवधिक कर्जामा धनजमानीकर्ताहरु राहुल बोहरा क्षेत्री र भगवति बोहरा क्षेत्री रहेको र ऋणी राहुल स्टोरको महिला उद्यमशिल कर्जामा धनजमानीकर्ताहरु राहुल बोहरा क्षेत्री, भगवति बोहरा क्षेत्री र लाल बहादुर बोहरा क्षेत्री रहेको र दुबै ऋणीको सुरक्षण धितो एउटै रहेको।***

**सुरक्षण धितोको विवरणः** खेम बहादुर बोहरा क्षेत्रीको बुहारी लाल बहादुर बोहरा क्षेत्रीको श्रीमती भगवति बोहरा क्षेत्रीको नाममा जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हटीयावडा नं.-०४ स्थित कित्ता नं. ४५८४ को क्षेत्रफल ०-५-०-० (बिगाहा) जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

***पुनश्चः*** ऋणी धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा फाइनान्स आफैले सकार गर्दा समेत साविकमा फाइनान्सबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा फाइनान्स आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा फाइनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै त्यहाँहरुबाट फाइनान्सको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा फाइनान्स आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी फाइनान्सलाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाइनान्स आफैले सकार गर्दा समेत फाइनान्सको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

**धितो लिलामी सम्वन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम फाइनान्सको सम्बन्धित शाखा कार्यालय वा कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखिला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दै-दस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा फाइनान्सको कर्पोरेट कार्यालय, तिनकुने वा सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला।
४. धितो लिलाम गोप्य शिलबन्दी बोलपत्रमा भागलिने ब्यक्तिले कबोल अंकको कम्तीमा १० प्रतिशतले हुने रकम प्रोग्रेशिभ फाइनान्स लिमिटेडको कार्पोरेट अफिसमा रहेको Payable Auction Deposit नामको खाता नं. ५०११००००००५९२ मा नगद जम्मा गरी वा प्रोग्रेशिभ फाइनान्स लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque धरौटी राख्नु पर्नेछ र सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। बाँकी रकम धितो बिक्री जनाउ पाएपछि दाखिला गरी धितो नामसारी गरिनेछ।
५. अन्य जानकारीका लागि संस्थामा सम्पर्क गर्नुहोला।

## 'पुष्पा २'को आन्दानीमाथि उब्जियो आशंका



'पुष्पा २'को आम्दानीमाथि प्रश्न उठ्न थालेको छ। यसअघि, कानुनी समस्या सामना गरिसकेको चलचित्रि प्रदर्शनक्रममा भागदौड मच्चिँदा एक महिलाको ज्यान गएको थियो । उनको बच्चा अझै उपचाररत छन्। यस चलचित्रि फेरि विवादमा फसेको छ।

▸▸ १०औं राष्ट्रिय खेलकुद

# संशयबीच सुर्खेतमा सचिवालय स्थापना



**प्रकाश अधिकारी/राजधानी**

सुर्खेत, २७ फागुन

१०औं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी ३ देखि १० जेठमा हुने वा नहुने संशयबीच सुर्खेतमा मूल आयोजक समिति सचिवालय स्थापना गरिएको छ। प्रदेश रंगशाला परिसरमै युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी र मुख्यमन्त्री यामलाल कँडेलले मूल आयोजक समिति सचिवालय स्थापना गरेका हुन् । वीरेन्द्रनगर-८ स्थित रंगशाला परिसरमा प्रतियोगिता आयोजक (राष्ट्रिय खेलकुद परिषद्-राखेप) समिति सचिवालय स्थापना गरिएको हो ।

सचिवालय स्थापना क्रममा मुख्यमन्त्री कँडेलले 'आगामी जेठमा सुर्खेतमा प्रतियोगिता गर्दा केही चुनौती देखापर्ने हुँदा सजग भएर तयारीमा जुट्नुको विकल्प नभएको' बताए । 'फेरि पनि प्रतियोगिता सार्दा जनविश्वास गुम्छ, चुनौतीका बावजुद पनि हामी सक्छौं र हाम्रो सामूहिक प्रयत्न र ऐक्यबद्धताबाट मात्र सम्भव छ भन्ने पुष्टि गरेर देखाउनु छ,' उनले भने, 'यो हाम्रा लागि अवसर हो, यसको सफल आयोजनाले खेलकुदसँगै सामाजिक, आर्थिक सामर्थ्य बढ्छ, पहिचान स्थापित हुन्छ ।' मुख्यमन्त्री कँडेलले प्रतियोगितास्थलमै आएर सचिवालय स्थापना गरेपछि युवा तथा खेलकुदमन्त्री, राखेप पदाधिकारी कोही पनि अलमलमा पर्न नहुने धारणासमेत राखे ।

राखेप अध्यक्षसमेत रहेका युवा तथा खेलकुदमन्त्री चौधरीले 'अब १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति नसर्ने' दाबी गरे । 'कुनै पनि बहानामा अब मिति सर्दैन, आयोजक टिमले पनि यो काम सकिएन भनेर भन्न पाइँदैन, यसअघि रंगशाला निर्माणको प्राविधिक कारण थियो, अब त्यस्तो कारण केही छैन,' मन्त्री चौधरीले भने, 'अब पनि प्रतियोगिता हुन नसके प्रदेशकै मात्र होइन, देशकै लागि लज्जास्पद हुन्छ ।' प्रदेशमा छिटो सदस्य सचिव नियुक्त गर्न आग्रह गर्दै उनले कर्णाली खेलकुद विकास परिषद्का उपाध्यक्ष, सदस्य सचिवसहित सदस्यको पदावधि गत ६ पुसमै सकिएको औंल्याए ।

कर्णाली प्रदेश सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले प्रतियोगिता तयारी सम्बन्धमा संघीय सरकारले बजेटसहित कामको जिम्मेवारी तत्काल बाँडफाँट गर्नुपर्नेमा जोड दिए ।

वीरेन्द्रनगर प्रमुख मोहनमाया ढकालले प्रतियोगिता सफल र भव्य बनाउन नगरका तर्फबाट सबै प्रकारको सहयोग र सहकार्य गर्न तत्पर रहेको प्रतिबद्धता जनाइन् ।

राखेप उपाध्यक्ष ध्रुव आचार्यले आसन्न १०औं खेलकुद प्रतियोगिता सञ्चालन र व्यवस्थापन गर्न पाउनु कर्णालीको खेलकुद क्षेत्रको समग्र विकासमा कोसेढुंगा साबित हुने विचार व्यक्त गरे ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को पछिल्लो बोर्ड बैठकले प्रतियोगिता ३ देखि १० जेठ २०८२ मा गर्ने निर्णय गरेको थियो । यो तेस्रोपटक सारिएको मिति हो । बारम्बार मिति सर्दा तयारी नपुगेको र प्रतिकूल मौसमका कारण जेठमा पनि सम्भव नहुने कतिपय खेल क्षेत्रका सरोकारवालाले बताउँदै आएका छन् ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव विश्वामित्र सञ्ज्याल 'बाहिर सरकारले तयारी गरिरहेको छ भनेर देखाउन' सचिवालय स्थापना गरिएको दाबी गर्छन्। वीरेन्द्रनगरमा जेठको समय अत्यधिक गर्मी हुने, गर्मीले भार क्षमतामा असर पर्न गई विद्युत् अनियमित हुनेजस्ता समस्या रहने उनले औंल्याए ।

संघीय सरकारले चालू आवमा प्रतियोगिता सम्पन्न गर्न ६० करोड रुपैयाँ विनियोजन गरेको छ । हाल बजेट ब्रेकडाउन, खरिद प्रक्रिया र खेलाडी प्रशिक्षणलगायत तयारीका काम थालिएको छैन। १०औं राष्ट्रिय खेलकुद अन्योल हुनुमा यसअघि लामो समय युवा तथा खेलकुद मन्त्रालयको राजनीतिक नेतृत्व र राखेप पदाधिकारीबीचको टकरावलाई मुख्य कारण मानिएको छ ।

१०औं राष्ट्रिय खेलकुदलक्षित गरी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रूपमा ९ बिघा क्षेत्रफलमा अत्याधुनिक रंगशाला निर्माण पूरा गरिसकेको छ। जहाँ १६ वटा खेल खेलाउन सकिनेछ ।

# किङकम भेट्रान्सले उचाल्यो 'दसौं हेटौंडा भेट्रान्स कप'

**राजधानी संवाददाता**

मकवानपुर, २७ फागुन



हेटौंडा भेट्रान्स क्लबको आयोजनामा गत २२ फागुनदेखि सुरु 'दसौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट ए साइड रनिङ सिल्ड' उपाधि किङकम भेट्रान्स काठमाडौंले चुमेको छ ।

हेटौंडामा सोमबार सम्पन्न फाइनल खेलमा फ्रिडम फाइटर भेट्रान्स काठमाडौंलाई टाइब्रेकरमा पराजित गर्दै किङकम भेट्रान्सले नगद १ लाख ५० हजार ५ सय ५५ रुपैयाँको धनराशि हात पार्न सफल भएको हो । खेलको १४औं मिनेटमा फ्रिडम फाइटर भेट्रान्सका तर्फबाट कृष्ण मालाकारले १ गोल गर्दै समूहलाई अग्रता दिलाए पनि २७औं मिनेटमा किङकम भेट्रान्सका खेलाडी जगतमान लामाले गोल गर्दै बराबरीमा बनाएका थिए ।

निर्धारित समयमा दुवै समूहबाट बराबरी गोल भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा ३ दुई गोलअन्तरमा किङकम भेट्रान्स विजयी भएको हो। द्वितीय हुन सफल फ्रिडम फाइटर भेट्रान्सले नगद ७५ हजार ५ सय ५५ रुपैयाँ र सिल्ड प्राप्त गरेको छ।

प्रतियोगिताअन्तर्गत किङकम भेट्रान्सका तर्फबाट 'सर्वश्रेष्ठ कोच' राजकुमार पन्त, 'उत्कृष्ट फर्वाड' सरोज थापा, 'उत्कृष्ट गोलकिपर' अमित प्रधान, 'उत्कृष्ट डिफेन्स' सञ्जय रानामगर घोषित भए भने फ्रिडम फाइटरका तर्फबाट 'उत्कृष्ट मिडफिल्डर' उदयबहादुर गुरुङ घोषित भए । उनीहरूले जनही ५ हजार नगद र ट्रफी प्राप्त गरेका छन्।

त्यस्तै, प्रतियोगिताको 'सर्वोत्कृष्ट खेलाडी' फ्रिडम फाइटरका तर्फबाट तेन्जिङ लामा घोषित भएका छन् । उनले नगद १० हजारसँगै ट्रफी प्राप्त गर्न सफल भएका छन् ।

सोही अवसरमा हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले विजयी खेलाडीलाई पुरस्कार प्रदान गर्दै स्वास्थ्यका लागि खेलकुद महत्त्वपूर्ण हुने बताइन् । फुटबल खेल विस्तारमा भेट्रान्स क्लबले आयोजना गरेको प्रतियोगिताबाट युवापुस्ताका खेलाडी उत्पादनमा भूमिका खेल्ने विश्वाससमेन उनले व्यक्त गरिन् । प्रतियोगितामा मुख्य प्रायोजकका रूपमा हेटौंडा उपमहानगरपालिका र सहप्रायोजक हेटौंडा स्कुल अफ म्यानेजमेन्ट थिए।






## Invitation for Bids

**Government of Nepal**
**Ministry of Health & Population**
**Pokhara Academy of Health Science Kaski**
***Invitation for Bids No: PoAHS/G/NCB-41/2081-82***
**Date of publication: 12 March 2025 (28 Falgun, 2081)**

1. The **Pokhara Academy of Health Science** invites ***electronic*** bids from eligible bidders for the ***Procurement Fully Automated Tissue Processor*** under National competitive bidding – Single Stage Single Envelope procedures as per public procurement act and regulations
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 570547 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bids electronically and may download the bidding documents for e-submission from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of Office: Pokhara Acaemy of Health Science, Pokhara**
   **Office Code no.: 370613901**
   **Office Account No.: 1000100200010000**
   **Revenue head No. 14229**
4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hr (Local Time) on April 11, 2025 (29 Chaitra, 2081**) Bids received after this deadline will be rejected.,
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at **1:00** pm **on April 11, 2025 (29 Chaitra, 2081**) at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by the bid security not less than below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
   **<u>If bidder wishes to submit bid security in the form of cash</u>**
   **Name of the Bank: Agriculture Development Bank,**
   **Account Name: pratishthan dharauti khata**
   **Name of Office: Pokhara Academy of Health Sciences**
   **Office Account no: 0316401591248071**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reservs the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. ***Bid shall be evaluated on Package basis.***
9. The name and identification of the contracts are as follows:

| S.N. | Bid No | Name of Procurement | Bid Document Fee NPR | Bid Security in NPR | Bid Security fee Validity Period |
|---|---|---|---|---|---|
| 1 | PoAHS/G/NCB-41/ 2081-82 | Procurement of Fully Automated Tissue Processor | 3,000/- | 1,34,500 | August 09, 2025 |


स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : सरोज मिश्र